प्रभाव दैनिक

National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १९१ | काठमाडौं | सोमबार, ३० कात्तिक २०८३ | Prabhab National Daily | Monday, 16 November 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



छठ पर्वअन्तर्गत आइतबार साँझ कपिलवस्तुमा अस्ताउँदो सूर्यलाई अर्घ्य दिँदै व्रतालु महिला । *तस्विर: रासस*

विदेश सयरमा सांसदको लर्को, मन्त्रीहरू पनि घुमफिरमै



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का महामन्त्री विपिनकुमार आचार्यको नेतृत्वमा रास्वपाका २० सांसदको प्रतिनिधिमण्डल आइतबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल काठमाडौंबाट चीन प्रस्थान गर्ने क्रममा । *तस्विर: रासस*

■ प्रभात संवाददाता

काठमाडौं– संसद् अधिवेशन बन्द भएको मौका छोपी सांसदहरू विदेश सयरतिर लागेका छन् । आइतबारमात्र सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का २० जना सांसद चीनतिर लागेका छन् ।

महामन्त्री विपिनकुमार आचार्यको नेतृत्वमा २० सदस्यीय प्रतिनिधिमण्डल चीनको १० दिवसीय भ्रमणमा लागेका हुन् । चिनियाँ कम्युनिस्ट पार्टी (सिपिसी) को निमन्त्रणामा भ्रमणमा रहेको टोलीले चीनका विभिन्न स्थान घुम्ने बताइएको छ ।

महामन्त्री आचार्यले विशेषगरी तीन उद्देश्यका साथ यो भ्रमण हुन लागेको बताए । 'पहिलो दुईटा सत्तारुढ दलहरूबीचको सम्बन्धमा नयाँ आयाम दिने र अगाडिको यात्रा ठीकसँग अगाडि बढोस् भनेर सिपिसीले चाहेको छ । यसमा रास्वपाको पनि समर्थन छ । दुई देशको परस्पारिक सम्बन्ध बढाउने, नेपाल विपद्बाट पीडित देश हो, चीनमा पोस्ट डिजास्टर मेनेजमेन्ट कसरी हुन्छ भन्ने उद्देश्यका साथ हामी त्यसतर्फ जाँदै छौं,' महामन्त्री आचार्यले भने, 'साथै प्रधानमन्त्री वालेन्द्र शाह र सभापति रवि लामिछानेले भावी दिनमा गर्ने चीन भ्रमणको आधार तयार गर्न पनि यो भ्रमण हुन लागेको हो ।'

भ्रमण दलमा आचार्यसहित, गणेश पराजुली, हरि ढकाल, कविन्द्र बुर्लाकोटी, लिमा अधिकारी आचार्य, समीक्षा बास्कोटा, सागर ढकाल, सुशान्त वैदिक, रीमा विश्वकर्मा, रमेशकुमार सापकोटा, डा. धनञ्जय रेग्मी, गजला शमिम मिकरानी, श्रीराम न्यौपाने, डा. राम लामा, पुनमकुमारी अग्रवाल, डा. आनन्दबहादुर चन्द, डा. सुजाता तामाङ, पुष्पाकुमारी चौधरी, अरविन्द शाह र रत्ना थापा छन् ।

कोप-३१ मा पनि मन्त्री र सांसदहरूको लर्को

यता संयुक्त राष्ट्रसंघीय ३१औं जलवायु सम्मेलन (कोप-३१) मा भाग लिन टर्कीएको अन्तालिया पाँचजना मन्त्री पुगेका छन् ।

क्रमशः पृष्ठ २ मा

> हाम्रा नयाँ सांसदहरु विदेश उड्ने मामिलामा पुरानाभन्दा निकै अगाडि देखिए । मतदाताप्रति उत्तरदायी हुनुपरेको छैन, पार्टीप्रति उत्तरदायी हुनुपरेको छैन, भोलि के होला थाहा छैन । अपजस बोक्ने रवि, बालेन छँदै छन् । त्यसैले त हाइसञ्चो छ, कुदाकुद छ र ताहुरमाहुर छ ।
>
> ■ **केशव दाहाल**
> राजनीतिक विश्लेषक

> हुल बाँधेर विदेश भ्रमण गर्नु देश र जनहितविपरीत छ साथीहरु । हिजो अरूले त्यही गर्दा गलत हुने, आज हामीले गर्दा सही हुने भन्ने कहाँ लेखेको छ ?
>
> ■ **ज्वाला संग्रौला**
> सांसद, रास्वपा

> विषयमा र उदाउँदो शक्ति चीनसँग व्यापारबारे कसरी फाइदा लिन सक्छ भन्नेबारे छलफल गर्ने

भ्रष्टाचार मुद्दामा दोषी ठहर पौडेललाई तोकियो साढे आठ वर्ष कैद

- नेपाल टेलिकमका तत्कालीन प्रबन्ध निर्देशक सुनिल पौडेल तीन मुद्दामा दोषी ठहर
- विशेष अदालतले तोक्यो साढे आठ वर्ष कैद सजाय
- सिंगापुरमा भएको साढे १३ करोड जफत गर्न आदेश

■ जेबी योञ्जन

काठमाडौं– सरकारी ठेक्काको लागत अनुमान बढाएर आफूअनुकूलका कम्पनीलाई ठेक्का दिलाउने, ठेकेदारसँग करोडौं रूपैयाँ घुस लिने र त्यसबाट आर्जित रकम सिंगापुरको बैंकमा जम्मा गर्ने । नेपाल टेलिकमका तत्कालीन प्रबन्ध निर्देशक सुनिल पौडेलमाथि लागेका यी तीनवटै भ्रष्टाचारका कसुर विशेष अदालतबाट पुष्टि भएसँगै साढे आठ वर्ष कैद तोकिएको छ ।

विशेष अदालतका अध्यक्ष सुदर्शनदेव भट्ट तथा सदस्यहरू हेमन्त रावल र डिल्लीरत्न श्रेष्ठको इजलासले ३० असार २०८३ मा फैसला गरेको थियो । तर, कैद तोकिएको थिएन । त्यसको हालै सार्वजनिक पूर्णपाठमा कैदसँगै जरिवाना पनि तोकेको हो ।

ठेक्का मिलेमतोबाट घुस

पौडेलविरुद्धको घुस लेनदेनसम्बन्धी मुद्दा राष्ट्रिय सूचना प्रविधि केन्द्रले आर्थिक वर्ष २०७४/७५ मा खरिद गरेको सुरक्षासम्बन्धी सफ्टवेयर र नेटवर्किङ उपकरणसँग जोडिएको छ ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको अनुसन्धानअनुसार पौडेल र टेक कम्पनीका नेपाल प्रतिनिधि दीपक आनन्दले खरिद प्रक्रियामा मिलेमतो गरेका थिए । उनीहरूले लागत अनुमान र प्राविधिक कागजातमा चलखेल गरी अस्ट्रल कम्प्युटर्स नेपाल प्रालिको प्रस्ताव स्वीकृत गराएका थिए । लागत अनुमानभन्दा एक प्रतिशतमात्रै कम रकममा ठेक्का सम्झौता भएको थियो ।

ठेक्का सम्झौता भएपछि २५ साउन २०७५ मा तीन करोड आठ लाख रूपैयाँ घुस लेनदेन भएको अख्तियारको दाबी



थियो । अस्ट्रल कम्प्युटर्सले १० लाख ५३ हजार अमेरिकी डलर सिंगापुर पठाएको र त्यही रकम आनन्दमार्फत पौडेललाई घुसबापत उपलब्ध गराएको अनुसन्धानमा उल्लेख थियो ।

पौडेलको घरबाट बरामद ल्यापटपको डेटा विश्लेषण गर्दा आनन्दसँगको घुस लेनदेनको विवरण भेटिएको अख्तियारको दावी थियो । यही प्रकरणमा अख्तियारले माघ २०८१ मा पौडेल र आनन्दविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको थियो । विशेष अदालतले दुवैलाई दोषी ठहर गर्दै पौडेललाई आठ वर्ष कैद र उच्च पदमा रहेर भ्रष्टाचार गरेकोमा थप छ महिना कैद सजाय सुनाएको हो । दुवैलाई जनही एक करोड ५४ लाख रूपैयाँ जरिवाना गर्ने फैसला पनि भएको छ ।

वैध आम्दानीभन्दा धेरै सम्पत्ति

पौडेलको भ्रष्टाचारको अर्को पाटो गैरकानुनी सम्पत्ति आर्जनसँग जोडिएको छ । अख्तियारका अनुसार उनले सरकारी ठेक्कामा संलग्न नेपाली कम्पनी र तिनका विदेशी साझेदारमार्फत कमिसन लिएका थिए । त्यस्तो रकम सिंगापुरस्थित युनाइटेड ओभरसिज बैंकको खातामा जम्मा गरिएको अनुसन्धानबाट खुलेको थियो ।

वर्ल्ड डिस्ट्रिब्युसन नेपाल, ओम्नी बिजनेस कर्पोरेट इन्टरनेसनल (ओबिसिआई), म्याक्स इन्टरनेसनल र नेक्स जेन सोलुसनलगायत कम्पनीसँग जोडिएका कारोबारमा पौडेलले आर्थिक लाभ लिएको अख्तियारको दावी थियो ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भ: वैदेशिक रोजगार

घरेलु कामलाई नयाँ रोजगार क्षेत्रको रूपमा विकास गर्ने सरकारको योजना

- आगामी पाँच वर्षमा हेरचाह क्षेत्रमा एक लाख र घरेलु सहयोगी क्षेत्रमा ५० हजार गरी कूल डेढ लाखभन्दा बढी रोजगारी सिर्जना गर्ने लक्ष्य
- श्रम मन्त्रालयले कार्यक्रम कार्यान्वयनका लागि अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ)सँग प्राविधिक सहयोग र सहकार्यको प्रक्रिया अघि बढाइएको जानकारी
- विशेषगरी बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र दीर्घरोगीको हेरचाहका लागि दक्ष जनशक्ति उत्पादन गर्ने कार्यक्रमको लक्ष्य

■ प्रभाव संवाददाता

काठमाडौं– सरकारले घरेलु कामलाई स्वदेशमै रोजगारी सिर्जना गर्ने नयाँ क्षेत्रका रूपमा विकास गर्ने योजना अघि बढाएको छ । वैदेशिक रोजगारीमा जाने क्रम बढिरहेका बेला आगामी पाँच वर्षमा हेरचाह क्षेत्रमा एक लाख र घरेलु सहयोगी क्षेत्रमा ५० हजार



गरी कूल डेढ लाखभन्दा बढी रोजगारी सिर्जना गर्ने लक्ष्य रहेको युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवले बताएका छन् । यसका लागि राष्ट्रिय हेरचाह अर्थतन्त्र तथा घरेलु कार्य रोजगार कार्यक्रम (एनसिडिइपी)को अवधारणा अघि बढाएको जनाइएको छ ।

श्रम मन्त्रालयले कार्यक्रम कार्यान्वयनका लागि अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ)सँग प्राविधिक सहयोग र सहकार्यको प्रक्रिया अघि बढाइएको जनाएको छ । नेपालबाट ठूलो संख्यामा युवाहरू रोजगारीका लागि विदेश गइरहेका बेला सरकारले हेरचाह र घरेलु कामलाई व्यवस्थित गरी स्वदेशमै रोजगारी सिर्जना गर्ने तयारी गरेको हो । विशेषगरी बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र दीर्घरोगीको हेरचाहका लागि दक्ष जनशक्ति उत्पादन गर्ने कार्यक्रमको लक्ष्य रहेको बताइएको छ ।

मन्त्रालयको अवधारणानुसार कार्यक्रमको पहिलो वर्षमा अधिकतम १० हजार जनालाई तालिम दिने र आठ हजारभन्दा बढीलाई औपचारिक रोजगारीमा आबद्ध गराउने लक्ष्य छ । यसका लागि सीप विकास, प्रमाणीकरण, रोजगार मिलान र सामाजिक सुरक्षा कोषमा आबद्धतालाई एकीकृतरूपमा अघि बढाइने छ ।

नेपालमा घरेलु काम र हेरचाहसम्बन्धी काम अनौपचारि करूपमा हुने गरेको छ । यसमा संलग्न श्रमिकले निश्चित पारिश्रमिक, रोजगार सम्झौता र सामाजिक सुरक्षाको सुविधा पाउँदैनन् । सरकारले यसलाई व्यवस्थित रोजगारीमा रूपान्तरण गर्ने लक्ष्य राखेको जनाएको छ ।

कार्यक्रमको अवधारणापत्रअनुसार नेपालमा महिलाले दैनिक करिब दुई करोड ९० लाख घण्टा पारिश्रमिकविनाको हेरचाह कार्यमा खर्च गर्ने गरेका छन् । पुरुषले भने दैनिक करिब ५० लाख घण्टा यस्तो काममा खर्च गर्छन् । जसअनुसार महिलाले पुरुषको तुलनामा करिब छ गुणा बढी समय विनापारिश्रमिक हेरचाह कार्यमा बिताइरहेका छन् । हेरचाह कार्यलाई व्यावसायिक रोजगारीमा रूपान्तरण गर्दा महिलाले आफ्नो सीप र श्रमको आर्थिक मूल्य प्राप्त गर्न सक्ने सरकारको अपेक्षा छ । त्यस्तै, विदेशबाट फर्किएका श्रमिकले विदेशमा हासिल गरेको हेरचाह तथा घरेलु कामसम्बन्धी अनुभवलाई पनि स्वदेशमै उपयोग गर्न सकिने अवधारणापत्रमा उल्लेख छ ।

कार्यक्रमअन्तर्गत 'केयर इकोनोमी' र 'डोमेस्टिक सपोर्ट इकोनोमी' गरी दुई क्षेत्रमा तालिम सञ्चालन गरिने मन्त्रालयको भनाइ छ । केयर इकोनोमीअन्तर्गत ज्येष्ठ नागरिक हेरचाहकर्ता, बाल हेरचाहकर्ता, होम नर्सिङ असिस्टेन्ट, अपांगता सहयोगी र पुनर्स्थापना सहायक तयार गरिने छ ।

क्रमशः पृष्ठ २ मा

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको साधारणसभा सम्बन्धी सूचना

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको मिति २०८३ कात्तिक २० गते बसेको संघ कार्यसमिति बैठकको निर्णयानुसार संघको विधानको दफा १४ को व्यवस्था बमोजिम संघको ३२औं र ३३औं वार्षिक साधारणसभा तपशिलमा उल्लिखित मिति र समयमा बस्ने सम्पूर्ण व्यवसायीज्यूहरूलाई यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

मितिः २०८३ पुस ३ गते

समयः बिहान ११:०० बजे

साधारणसभामा निर्णयार्थ पेस गरिने विषयहरू

१. कार्यसमितिको तर्फबाट प्रस्तुत गर्ने प्रगति विवरण र संघद्वारा भएका कार्यहरु उल्लेख गरिएको प्रतिवेदन पारित गर्ने ।
२. आ.व. २०८१/०८२ र २०८२/०८३ को आयव्ययको विवरणसहितको वासलत उपर छलफल गरी पारित गर्ने ।
३. आ.व. २०८३/०८४ को आयव्ययको लेखा परीक्षकको नियुक्ति गरी निजलाई दिने पारिश्रमिक तोक्ने ।
४. वार्षिक नीति तथा कार्यक्रम तय गर्ने ।
५. संघको आचारसंहिता अनुमोदन गर्ने ।
६. विविध ।

साधारणसभा सम्बन्धी थप जानकारीहरू

साधारणसभामा भाग लिनका लागि एक कम्पनीले १ जना शेयरहोल्डर प्रतिनिधि मनोनयन गरी पठाउनुपर्ने भएकाले संघमा बाँकी रहेको मासिक शुल्क (लेबी) भुक्तान गरी संघमा कम्पनीको लेटरहेडमा लिखित निवेदनसहित प्रतिनिधि पठाई जानकारी गराउनुहुन हार्दिक अनुरोध छ ।

नोटः स्थान पुन प्रकाशित गरिनेछ ।

हिरा बहादुर डाँगी (हरि)
महासचिव

डिक बहादुर खत्री (कुमार)
अध्यक्ष

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
सिफल -७, काठमाडौं, फोन नं. ०१-४५२०२६९/४५२४४१८

पृष्ठ १ बाट क्रमश:

विदेश सयरमा...

कृषिमन्त्री गीता चौधरीसहित पाँच जना मन्त्री टर्कीए पुगेका हुन् । परराष्ट्रमन्त्री शिशिर खनाल कोपमा सहभागी भई शनिबार नेपाल फर्केका छन् । अर्थमन्त्री डा. स्वर्णिम वाग्ले र कृषिमन्त्री चौधरी आइतबार स्वदेश फर्किएका छन् । शिक्षामन्त्री सस्मित पोखरेल भने अन्तालियामै छन् । स्वास्थमन्त्री निशा मेहता टर्कीए हुँदै श्रीलंका पुगेर नेपाल फर्किसकेकी छन् ।

मन्त्रीबाहेक कोप सम्मेलनमा आशिष गजुरेल, सुम्निमा उदास, श्रीराम न्यौपाने, सागर ढकाल, कमल सुवेदी, अशोककुमार चौधरी, अर्जुनकुमार कार्की, धर्म केसी, नीता घतानी, परशुराम तामाङ, प्रमिलाकुमारी गच्छदार, डा. राम लामा, राजेन्द्रलक्ष्मी गैरे, राधिका रम्तेल टर्कीए पुगेका थिए ।

यो बीचमा कानुनमन्त्री सोविता गौतम नेदरल्याण्ड र संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेल हालै बेलायत भ्रमणबाट स्वदेश फर्किएका छन् । मन्त्री पौडेल वर्ल्ड ट्राभल मार्केट (डब्लुटिएम) २०२६ मा भाग लिन नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै लण्डन गएका थिए । सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिना पनि अन्तर्राष्ट्रिय दूरसञ्चार संघको महासम्मेलनमा सहभागी हुन कतारको दोहा गएर शुक्रबार फर्केका छन् ।

गृहमन्त्री गुरुङ दुबईतिर

गृहमन्त्री सुधन गुरुङ संयुक्त अरब इमिरेट्स (युएई) को दुबईमा पुगेका छन् । युएई सरकारको औपचारिक निमन्त्रणामा दुबईमा आयोजना भएको विश्व प्रहरी शिखर सम्मेलनमा सहभागी हुन उनी शुक्रबार त्यसतर्फ गएका हुन् । उक्त सम्मेलनमा अन्तर्राष्ट्रिय प्रहरी सहकार्य, सुरक्षा प्रविधिको विकास तथा अपराध नियन्त्रणका नवीनतम् अभ्यास आदानप्रदान प्राथमिकतामा रहने गृहमन्त्री गुरुङको सचिवालयले जनाएको छ ।

सम्मेलनमा उच्चस्तरमा नीतिगत छलफल, विषयगत तथा प्राविधिक सत्र, उच्चस्तरीय राउण्डटेबल बैठक, कार्यशाला तथा तालिम, अन्तर्राष्ट्रिय प्रदर्शनी, विश्व प्रहरी पुरस्कारलगायतका गतिविधि हुने बताइएको छ । गृहमन्त्री गुरुङले आइतबार वैदेशिक व्यापारमन्त्री डा. थानी विन अहमद अल जेयोदीसँग भेट गरे ।

भेटबारे सामाजिक सञ्जालमा लेख्दै गुरुङले द्विपक्षीय व्यापार, लगानी तथा आर्थिक सहकार्यका विविध आयाममा छलफल भएको बताएका छन् । भेटमा बूढीगण्डकी जलविद्युत् आयोजना, कृषि तथा सेवा क्षेत्र र सुरक्षा प्रविधिमा युएईको लगानी तथा सहकार्यका लागि प्रस्ताव प्रस्तुत गरेको बताएका छन् ।

यस्तै रास्वपा सांसद रञ्जु दर्शना र राधा खनाल एक कार्यक्रमका लागि मलेसियामा छन् । रास्वपा सांसद डा. तोसीमा कार्की आइतबारमात्र फिलिपिन्सको राजधानी मनिला गएकी छन् । बालबालिकामाथि हुने हिंसा अन्त्य तथा जनस्वास्थ्य संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागी हुन उनी मनिला गएकी हुन् । अर्का सांसद क्रान्तिशिखा धिताल भने अमेरिका पुगेकी छन् । उनले अमेरिकामा भाइटीका लगाएको तस्बिर आइतबार सामाजिक सञ्जालमा सार्वजनिक गरेकी छन् ।

चार जना मन्त्री लिएर भारत जाँदै प्रधानमन्त्री

प्रधानमन्त्री शाह मंसिर ६ गतेदेखि भारत भ्रमणमा जाँदै छन् । उक्त भ्रमण टोलीमा चार जना मन्त्री पनि जाने बताइएको छ । परराष्ट्र मन्त्रालय स्रोतका अनुसार परराष्ट्रमन्त्री शिशिर खनाल, पूर्वाधार विकासमन्त्री सुनिल लम्साल, ऊर्जामन्त्री विराजभक्त श्रेष्ठ र पर्यटनमन्त्री खडकराज पौडेल प्रधानमन्त्रीसँगै भारत भ्रमणमा जाने छन् ।

सत्तारुढ दलकै सांसदहरूको प्रश्न

सांसद आशिका तामाङले रास्वपाका सांसदहरूको विदेश भ्रमणबारे प्रश्न गरेकी छन् । उनले पार्टीकै सांसदलाई समेत पत्तो नदिई गरिने यस्तो भ्रमणको उपलब्धिबारे जानकारी दिनु सरकारको कर्तव्य भएको बताइन् ।

'जनताले थाहा पाउने त परको कुरा, आफ्नै पार्टीभित्रका अन्य सांसदहरूलाई समेत थाहा पत्तो हुँदैन- उहाँहरू के लागि विदेश जानुभो भनेर !,' तामाङले प्रश्न गरेकी छन्, 'राज्यको ढुकुटीबाट एउटा सांसद कति पल्ट विदेश भ्रमण गर्न पाउँछ ? विदेश भ्रमण केका लागि गइन्छ ? राज्यको लाखौं खर्च गरेर गरिएको विदेश भ्रमणबाट जनता र सांसदले पाउने उपलब्धि के हो ?'

सांसद ज्वाला संग्रौलाले हुल बाँधेर विदेश भ्रमण गर्नु देश र जनहितविपरीत भएको दावी गरेकी छन् । 'हुल बाँधेर विदेश भ्रमण गर्नु देश र जनहितविपरीत छ साथीहरू । हिजो अरुले त्यही गर्दा गलत हुने, आज हामीले गर्दा सही हुने भन्ने कहाँ लेखेको छ ?,' संग्रौलाले भनेकी छन्, 'सम्बन्धित मुलुकले खर्च व्यहोरेर यति सांसद पठाइदिन्, त्यो पनि विज्ञ पठाइदिन् भनेर निमन्त्रणा गरेको हो भने ठीक छ, तर राज्यको धनराशी खर्च गरेर हामी उडेका हौ भने यो तरिका हिजो पनि बेठीक हो र आज पनि... !'

अर्का सांसद गणेश कार्कीले कोपमा पुगेका सांसदहरूको खर्चको स्रोत सार्वजनिक गर्न माग गरेका छन् । 'सधैं झै यसपालि पनि कोपमा जानेहरूको लर्को छ । वातावरणको विद्यार्थी र सांसद पनि भएकाले हो कि, धेरै साथीहरू कोपका लागि टर्कीए पुगेको, पुग्दै गरेको देख्छु,' सांसद कार्कीले सामाजिक सञ्जालमा लेखेका छन्, 'जानेहरूले आफू सरकारी खर्चमा गएका हुन् कि होइनन् भन्ने सार्वजनिकरूपमा घोषणा गरुन् । गर्नैपर्छ ।' साथै उनले कोपमा जानेहरू दर्जनौं हुने भन्दै साह्रै धेरै व्यक्तिगत खर्चमा र कुनै संस्थाको प्रायोजनमा पुग्ने गरेको पनि बताएका छन् ।

विश्लेषक केशव दाहाल विदेश उड्ने मामिलामा रास्वपा पुराना दलभन्दा निकै अगाडि देखिएको टिप्पणी गर्छन् । मतदाता र पार्टीप्रति उत्तरदायी बन्नुपर्दा रास्वपा सांसदलाई हाइसञ्चो रहेको दाहाल बताउँछन् । 'हाम्रा नयाँ सांसदहरू विदेश उड्ने मामिलामा पुरानाभन्दा निकै अगाडि देखिए,' विश्लेषक दाहालले भने, 'मतदाताप्रति उत्तरदायी हुनुपरेको छैन, पार्टीप्रति उत्तरदायी हुनुपरेको छैन, भोलि के होला थाहा छैन । अपजस बोक्ने रवि, बालेन छँदै छन् । त्यसैले त हाइसञ्चो छ, कुदाकुद छ र ताहुरमाहुर छ ।'

■■■

भ्रष्टाचारी ठहर...

अख्तियारले पौडेलको जागिरे जीवनको आम्दानी र सम्पत्तिको तुलना गर्दा ठूलो अन्तर देखिएको जनाएको थियो । जागिरबाट एक करोड १९ लाख रूपैयाँमात्रै आम्दानी गरेका पौडेलसँग नेपाल र सिंगापुरमा गरी २४ करोड ९४ लाख रूपैयाँबराबरको सम्पत्ति भेटिएको अख्तियारको दाबी थियो ।

विशेष अदालतले भने दुई करोड २१ लाख रूपैयाँ वैध आम्दानी देखिएको र १२ करोड ७५ लाख रूपैयाँभन्दा बढी सम्पत्तिको स्रोत नखुलेको ठहर गरेको छ । यस कसुरमा पौडेललाई दुई वर्ष र उच्च पदमा रहेर भ्रष्टाचार गरेकोमा थप छ महिना कैद सजाय सुनाइएको हो । अदालतले गैरकानुनी आर्जन गरेको रकम बराबर जरिवाना गर्नुका साथै सिंगापुरको बैंक खातामा रहेको १३ करोड ५३ लाख रूपैयाँ जफत गर्न आदेश दिएको छ ।

लागत दोब्बर बनाएर हिनामिना

पौडेलविरुद्धको तेस्रो मुद्दा पनि राष्ट्रिय सूचना प्रविधि केन्द्रमा भएको उपकरण खरिदसँग सम्बन्धित छ । अख्तियारले झूठा कागजात तयार गरी ठेक्काको लागत अनुमान बढाएर १५ करोड ८८ लाख रूपैयाँ भ्रष्टाचार गरेको आरोपमा पौडेलसहित वर्ल्ड डिस्ट्रिब्युसन नेपालका अध्यक्ष अरुण श्रेष्ठविरुद्ध मुद्दा दायर गरेको थियो ।

अख्तियारका अनुसार सुरुमा १५ करोड ८८ लाख रूपैयाँको लागत अनुमान रहेको खरिद प्रक्रियालाई बढाएर ३० करोड ६५ लाख रूपैयाँ पुऱ्याइएको थियो । यसरी लागत झण्डै दोब्बर बनाइएको अख्तियारको दाबी थियो । विशेष अदालतले पौडेल र श्रेष्ठलाई दोषी ठहर गर्दै पौडेललाई छ महिना कैद र १० हजार रूपैयाँ जरिवाना सुनाएको छ । अन्य आरोपितलाई तीन महिनाका दरले कैद र १० हजार रूपैयाँ जरिवाना तोकिएको छ । अदालतले बिगो कायम नगरे पनि कसुर स्थापित भएको ठहर गरेको हो ।

■■■

घरेलु कामलाई...

घरेलु सहयोगी, हाउसकिपिङ असिस्टेन्ट, घरेलु खाना पकाउने जनशक्ति, बेबी सिटर तथा आवासीय घरेलु सहयोगीलाई घरेलु सहयोग अर्थतन्त्रअन्तर्गत समेटिने छ । तालिमलाई चार तहमा विभाजन गरिएको जनाइएको छ । पहिलो तहमा १५ देखि ३० दिनको घरेलु सहयोगी तालिम दिइने छ । दोस्रो तहमा एक महिनाको आधारभूत केयरगिभर, तेस्रो तहमा तीन महिनाको व्यावसायीक केयरगिभर र चौथो तहमा छ महिनाको उन्नत केयरगिभर तालिम दिने प्रस्ताव रहेको छ । यी तहमा क्रमश: चार हजार, तीन हजार, दुई हजार र एक हजार जनालाई तालिम दिने लक्ष्य रहेको जनाइएकोछ । यद्यपि तालिम दिँदैमा रोजगारी सुनिश्चित नहुने भएकाले श्रम संसार प्रणालीमा छुट्टै 'केयर एण्ड डोमेस्टिक सपोर्ट' मोडचुल विकास गरी श्रमिक र रोजगारदाताबीच डिजिटल माध्यमबाट रोजगार मिलान गरिने भनिएको छ ।

पहिलो चरणमा काठमाडौं, पोखरा, भरतपुर, विराटनगर, धरान, बुटवल र अर्को एउटा सहरमा कार्यक्रम परीक्षण गर्ने योजना रहेको छ । योजना अनुसार बजारमा पहिलेदेखि काम गरिरहेका दक्ष श्रमिकको दर्ता गरिने छ भने सेवा आवश्यक पर्ने घरपरिवार तथा संस्थाबाट माग संकलन गरिने छ । पहिलेदेखि नै अनुभव हासिल गरेका श्रमिकलाई पुन: लामो तालिम लिनुपर्ने बाध्यता हटाउनपूर्व सिकाइको मान्यता (आरपिएल)मार्फत सीप परीक्षण र प्रमाणीकरण गर्ने व्यवस्थासमेत प्रस्ताव गरिएको छ ।

कार्यक्रमले रोजगारी सिर्जनासँगै श्रमिकको अधिकार संरक्षणलाई पनि प्राथमिकता दिएको छ । घरेलु तथा हेरचाह श्रमिकका लागि लिखित रोजगार सम्झौता, पारिश्रमिक, कार्यघण्टा, अतिरिक्त कामको भुक्तानी, साप्ताहिक बिदा र गुनासो सुनुवाइको व्यवस्था गरिने अवधारणापत्रमा उल्लेख छ । योग्य श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने तथा कार्यस्थल सुरक्षा र स्वास्थ्यसम्बन्धी अभिमुखीकरण दिने योजना पनि समावेश गरिएको छ ।

कार्यक्रमको अवधारणा यही कात्तिक २० गते श्रममन्त्री यादवले स्वीकृत गरेका छन् । यसको कार्यान्वयनका लागि आवश्यक कार्यविधि बनाउने र विकास साझेदारसँग समन्वय गर्ने काम भइरहेको मन्त्रालयले जनाएको छ ।

साउदीमा रोजगार

कम्पनी : Mohammed Adel Abdullah Al Rabee General Contracting Establishment

पूर्व स्वीकृति मिति : २०८३/०७/१८ LT. No.349985 चलानी नं.६०१६३३०५

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब SR	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Loading & Unloading Staff	5	0	1200	४८,२३५	रु.दि अनुसार	८ घण्टा	६ दिन	रु.दि अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति : २०८३ मंसिर ७ गते (23rd Nov. 2026) मा हुनेछ ।

रुवेटेसा मरिने पि मेडिकल खर्च गरको लभे र बाँकि लभे	रोजगार कम्पनिले मेडिकल खर्च दिने / बहिने	रुवेटेसा मरिने बिमा खर्च गरको व्यहोरे र बाँकि लाभमे	रोजगारदा बिमा दुवै/बहुले र गरको व्यहोरे	हवाई टिकट गरको दिने र बाँकि लाभमे	बिमा शुल्क गरको दिने र बाँकि लाभमे	सामाजिक सुरक्षा कोष गरको दिने र बाँकि लाभमे (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क बाँकि लाभमे र गरको व्यहोरे	बिमा रटर्मिफ्ट शुल्क गरको व्यहोरे
रोजगारदाको कम्पनीले	दिने	रोजगारदाता कम्पनीले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु.२१५/- कामदारले तिर्ने	रोजगारदाता कम्पनीले	१०,०००/-	९,७००/- रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गरदाइको जमेवारी: १) आफ्नो नामबा बिमा प्राप्त भई जाने निश्चित भारपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । २) आफ्नो रकमको भौचर अनिवार्य लिनुहोला । ३) आफ् काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक निवेशको सम्पर्क ठेगाना र फोन नम्बरहरु सोधमा राख्नुहोला । आफ् कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ४) यस विज्ञापन (सूचना)मा उल्लेख भाएको भन्दा बढि रकम कमैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफ् जाने मुलुक, काम दिने कम्पनी, पाउने पेस्का, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६) कागमा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहाचनमा सम्पर्क गर्नुहोला ।

Govt. License 387/059/060

Paradeshi Overseas Services Pvt. Ltd.

Mitrapark Chowk, Mitra Plaza (Old NIC Asia Building), Kathmandu Metropolitan - 07, Bagmati, Nepal
Tel: +977 1 5914513, Fax: +977 9768380501
Email: paradeshiservices@gmail.com, info@paradeshioverseas.com.np, Website: www.paradeshioverseas.com.np

मलेसियामा रोजगार

कम्पनी : GREEN VIEW GARDEN SDN. BHD

पूर्व स्वीकृति मिति : २०८३/०३/२८ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०७/१८ LT. No. 344806 चलानी नं. ६०१५८०५३

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब RM	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Services-Cook	3	0	1700	६२,७३६	रु.दि अनुसार	८ घण्टा	६ दिन	रु.दि अनुसार	छैन	छ	२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति : २०८३ मंसिर ७ गते (23rd Nov. 2026) मा हुनेछ ।

रुवेटेसा मरिने पि मेडिकल खर्च गरको लभे र बाँकि लभे	रोजगार कम्पनिले मेडिकल खर्च दिने / बहिने	रुवेटेसा मरिने बिमा खर्च गरको व्यहोरे र बाँकि लाभमे	रोजगारदा बिमा दुवै/बहुले र गरको व्यहोरे	हवाई टिकट गरको दिने र बाँकि लाभमे	बिमा शुल्क गरको दिने र बाँकि लाभमे	सामाजिक सुरक्षा कोष गरको दिने र बाँकि लाभमे (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क बाँकि लाभमे र गरको व्यहोरे	बिमा रटर्मिफ्ट शुल्क गरको व्यहोरे
कामदार आफै	दिने	कामदार आफैले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु.२१५/- कामदारले तिर्ने	रु. १,२००/- कामदार आफैले	निःशुल्क	९,७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गरदाइको जमेवारी: १) आफ्नो नामबा बिमा प्राप्त भई जाने निश्चित भारपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । २) आफ्नो रकमको भौचर अनिवार्य लिनुहोला । ३) आफ् काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक निवेशको सम्पर्क ठेगाना र फोन नम्बरहरु सोधमा राख्नुहोला । आफ् कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ४) यस विज्ञापन (सूचना)मा उल्लेख भाएको भन्दा बढि रकम कमैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफ् जाने मुलुक, काम दिने कम्पनी, पाउने पेस्का, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६) कागमा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहाचनमा सम्पर्क गर्नुहोला ।

Al Haya Recruitment Pvt. Ltd.

Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610, 4508610, Bibek Gadtoula - 9851354055, E-mail : alhaya.recruitment@gmail.com

कुवेतमा रोजगार

कम्पनी : OCULUS WORKSHOP GENERAL TRADING COMPANY / ABDULAZIZ KHALAF ALENEZI & PARTNER

पूर्व स्वीकृति मिति : २०८३/०७/२० LT. No. 350215 चलानी नं. ६०१६३३६८

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब KD	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	CERAMIC HELPER	12	0	100	८८,४४२	Jubilee पछि	८	६	Jubilee पछि	छ		४ वर्ष
2	Carpenter Helper	12	0	120	५८,९३०							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति : २०८३ मंसिर ७ गते (23rd Nov. 2026) मा हुनेछ ।

रुवेटेसा मरिने पि मेडिकल खर्च गरको लभे र बाँकि लभे	रोजगार कम्पनिले मेडिकल खर्च दिने / बहिने	रुवेटेसा मरिने बिमा खर्च गरको व्यहोरे र बाँकि लाभमे	रोजगारदा बिमा दुवै/बहुले र गरको व्यहोरे	हवाई टिकट गरको दिने र बाँकि लाभमे	बिमा शुल्क गरको दिने र बाँकि लाभमे	सामाजिक सुरक्षा कोष गरको दिने र बाँकि लाभमे (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क बाँकि लाभमे र गरको व्यहोरे	बिमा रटर्मिफ्ट शुल्क गरको व्यहोरे
कामदार आफै	दिने	कामदार आफैले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २९५/- कामदारले तिर्ने	रु १,२००/- कामदार आफैले	निःशुल्क	९,७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गरदाइको जमेवारी: १) आफ्नो नामबा बिमा प्राप्त भई जाने निश्चित भारपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । २) आफ्नो रकमको भौचर अनिवार्य लिनुहोला । ३) आफ् काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक निवेशको सम्पर्क ठेगाना र फोन नम्बरहरु सोधमा राख्नुहोला । आफ् कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ४) यस विज्ञापन (सूचना)मा उल्लेख भाएको भन्दा बढि रकम कमैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफ् जाने मुलुक, काम दिने कम्पनी, पाउने पेस्का, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६) कागमा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहाचनमा सम्पर्क गर्नुहोला ।

ALL RAHIM MANPOWER PVT. LTD.

Sarbeswori Marga, Mandikhatar, Budhanilakantha, Head office, Kathmandu, Nepal Tel: 014544419 / 014544429,
Mob. 9851141406, 9803922236, E-mail: allrahimhr@gmail.com / info@allrahimmanpower.com, Website : allrahimmanpower.com

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

विशेष दर्ता खारेजी सम्बन्धी ३० दिने सूचना

यस कार्यालयमा मिति २०७०/०६/१० मा दर्ता भएको प्रा.लि.न. ११६४५१ को **कला कौशल प्रा.लि.** नामक कम्पनीले १३६ 'क' अनुसार विशेष दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुंदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित **हक दावी**को लागि **३० (तीस) दिन**भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

एनएमबि बैंक लिमिटेड,
बबरमहल, काठमाडौं फोन नं: ५३४६१६०
हकदावी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना
प्रकाशित मिति: २०८३/०७/३०

यस बैंकको निक्षेपकर्ता श्री सेख नैमुलको छोरी, रहिम मियाँ कुजराको बुहारी, श्री मो. गुलावको पत्नी, सप्तरी जिल्ला, राजविराज न.पा., वडा नं ६ स्थाई ठेगाना भई हाल उदयपुर जिल्ला, त्रियुगा नगरपालिका, वडा नं १२ बस्ने श्रीमती **मैमुन खातुन** (ना.प्र.नं १६-०१-७४-०१९५८, जारी मिति २०७४/०८/२९, सप्तरी) को ४४ वर्षको उमेरमा मिति २०८२/०७/०६ गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको बचत खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनी निजको एकाघरको पति मो. गुलावले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणित प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदावी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदावी गर्न आउनु हुन अनुरोध छ । अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको मात्र बमोजिम मृतकको पति मो. गुलावको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

स्वैच्छिक खारेजीमा रहेको नित्या सप्लायर्स प्रा. लि. को लिक्विडेटर द्वारा जारी गरिएको हक दावी सम्बन्धी सूचना

यस **नित्या सप्लायर्स प्रा. लि. द.नं. २५००३४/०७८/०७५** लाई यस कम्पनीको २०८३/०७/२७ मा बसेको विशेष बैठकले प्रस्ताव पारित गरी कम्पनीलाई स्वैच्छिक खारेज गर्ने निर्णय गरी हामीलाई लिक्विडेटर नियुक्त गरिएको व्यहोरा जानकारी गराउदै यस कम्पनी उपर कुनै व्यक्ति, बैक तथा वित्तिय संस्थाहरु, कम्पनी साहु आदि कुनै कसैको केही दावी लेनदेन भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो दावी तथा सो माथी प्रमाणित गर्ने प्रमाणित कागजात सहित निम्न लिखित ठेगानामा दावी गर्नहुन सम्बन्धित सबैमा सूचित गरिन्छ । सो अवधिभित्र कुनै दावी विरोध पर्न नआएमा नियम अनुसार कम्पनी खारेजी हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

लिक्विडेटर: बलराम पन्त (अधिवक्ता)
लिक्विडेटर इ.प.नं. ४०० त्रिपुरेश्वर, काठमाडौं
मो. नं. ५८५११७१६५५, ५८०८२०४०७४
Email Adress:f\ balramp56@gmail.com

आजको राशिफल



ज्यो. गुरू अनन्त
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

सोमबार, ३० कात्तिक, २०८३

मेष रोकिएका काम अघि बढ्नेछन् । नयाँ अवसर प्राप्त हुन सक्छ, तर खर्चमा ध्यान दिनुहोला ।

वृष आर्थिक पक्ष सबल बन्नेछ । परिवारमा सुखद वातावरण रहनेछ र मानसम्मान बढ्नेछ ।

मिथुन नयाँ कामको योजना बन्नेछ । साथीभाइबाट सहयोग मिल्नेछ भने यात्राको अवसर आउन सक्छ ।

कर्कट काममा उत्साह बढ्नेछ । पारिवारिक सम्बन्धमा सुधार आउनेछ र आर्थिक लाभको सम्भावना छ ।

सिंह जिम्मेवारी बढे पनि काममा सफलता मिल्नेछ । बोली र व्यवहारमा संयम अपनाउनुहोला ।

कन्या नयाँ अवसर प्राप्त हुनेछन् । रोकिएका काम पूरा हुनेछन् र व्यापार व्यवसायमा सुधार आउनेछ ।

तुला आम्दानीका नयाँ स्रोत भेटिन सक्छन अनावश्यक विवादबाट टाढा रहनुहोला।

वृश्चिक आत्मविश्वास बढ्नेछ । कार्यक्षेत्रमा प्रशंसा पाइनेछ र महत्वपूर्ण निर्णय लिन सकिनेछ ।

धनु सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ व्यक्तिसँगको भेटघाट फलदायी बन्न सक्छ ।

मकर मेहनतअनुसार सफलता मिल्नेछ । आर्थिक कारोबार गर्दा सोचविचार गरेर अघि बढ्नुहोला ।

कुम्भ नयाँ योजना सफल हुने संकेत छ । दाम्पत्य तथा पारिवारिक सम्बन्धमा आत्मीयता बढ्नेछ ।

मीन दिन उत्साहपूर्ण रहनेछ । अध्ययन, व्यापार तथा रोजगारीका क्षेत्रमा परिणाम प्राप्त हुन सक्छ ।

प्रहरी तथा एम्बुलेन्स

प्रहरी कन्ट्रोल क प्रहरी	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१९४५/४२६१७९०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी भक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६९९९
परोपकार एम्बुलेन्स सेवा	४२६०८५९
विशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०९४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५
बाल हेल्पलाइन नेपाल	१०९८
बालवालिका खोजतलास समन्वय केन्द्र	१०४/४२२६००६

H अस्पताल र विविध

दमकल	१०१
रक्तसञ्चार केन्द्र	४२२५३४४
नेपाल आँखा बैंक	४४९३६८४
नेपाल आँखा अस्पताल	४२५०६९१
मध्यपुर अस्पताल, भक्तपुर	०१-६६३१६५८
तिलगंगा आँखा अस्पताल	४४९३६८४
वीर अस्पताल	४२२१९८८
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
प्रसूति गृह	४२५३२७६
टेकु अस्पताल	४२५३३९६
पाटन अस्पताल	५५२२२७८
भक्तपुर अस्पताल	६६१०६७६
मानसिक अस्पताल	५५२१३३३
कान्ति बाल अस्पताल	
४४१४७९८/४४२७४५२	
काठमाडौं मोडेल अस्पताल	४२४०८०५२६
बी एण्ड बी अस्पताल	५५३३२०६
मेडिकेयर नेसनल अस्पताल	४४६७०६७
मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स)	४४६७०६७
फ्रेन्डस अफ शान्ता भवन	४४७०१८१
नेपाल अर्थोपेडिक अस्पताल	४४९३७२५
काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल	४४७६१५२
नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी	४९११००८
कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज	४३७०१३६
कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने	४१११९५७/८५८
ओम हस्पिटल एण्ड रिसर्च सेन्टर	४४७६२२५
नर्भिक, थापाथली	४२५८५५४
सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र	४३७१३२२/४३७१३७४
लाइफ केयर अस्पताल	४२२७७३५
मितेरी अस्पताल	६६३१७३६२६६३४०१६
क्यापिटल हस्पिटल (प्रा.) लि.	४२४४०२२
श्री सत्यसाइ नि

राष्ट्रपति पौडेलले गरे गुहचेश्वरीमा छठीमाताको पूजा



काठमाडौं (प्रस)– छठ पर्वका अवसरमा राष्ट्रपति रामचन्द्र पौडेलले पशुपतिको गुहचेश्वरीस्थित बागमती किनारमा निर्माण गरिएको छठी माताको प्रतिमामा पूजा आराधनासहित अर्घ्य दान गरेका छन् ।

प्रथम महिला सविता पौडेलसहित छठ पूजा स्थल पुगेका राष्ट्रपति पौडेलले छठी माताको प्रतिमामा पूजा आराधना गरी गौरीघाट क्षेत्रको छठ पर्वको उद्घाटन गरेका थिए । राष्ट्रपति पौडेलले उद्घाटन गरेसँगै गुहचेश्वरी गौरीघाट क्षेत्रमा निर्माण गरिएका ६०० भन्दा बढी छठ घाट अर्थात् पूजास्थलमा जम्मा भएका व्रतालुले अस्ताउँदो सूर्यलाई पूजा आरधना गरी अर्घ्य दिएर छठ पर्व मनाएका छन् । राष्ट्रपति पौडेललाई राष्ट्रिय सभा सदस्य विष्णुदेवी पुडासैनी, काठमाडौं निर्वाचन क्षेत्र नं ४ बाट निर्वाचित सांसद पुकार बम, पशुपति क्षेत्र विकास कोषका पदाधिकारी एवं सदस्यहरू तथा छठ पूजा समिति तथा गुहचेश्वरीका पदाधिकारी एवं सदस्यहरूले स्वागत गरेका थिए ।

चारदिने छठ पर्वको मुख्य एवं तेस्रो दिन आइतबार अस्ताउँदो सूर्यलाई पूजा आराधनासहित अर्घ्य दान गरेका व्रतालु रातभर छठ घाटमै जाग्राम बसेका छन् । कार्तिक शुक्ल सप्तमीका दिन आज (सोमबार) बिहान उदाउँदो सूर्यलाई अर्घ्य दान गरेपछि छठ पर्व समाप्त हुन्छ । छठ घाटमा बस्न नसक्ने व्रतालु भने आइतबार बेलुकीको कर्म सकेर सोमबार बिहानै घाटमा पुगी व्रत समापन गर्छन् । छठ पर्वमा सहभागी हुने क्रममा पशुपति क्षेत्रमा हजारौं भक्तजन उपस्थित भएको छठ पूजा समिति, गुहचेश्वरीका अध्यक्ष अनिल सिंहले जानकारी दिए ।

कार्तिक शुक्ल चतुर्थीदेखि सप्तमीसम्म मनाइने सूर्यदेवको आराधना, उपासना र पूजाको यो पर्व गत सोमबारदेखि सुरु भएको हो । ऐतिहासिक पौराणिक ग्रन्थ महाभारतमा उल्लेख भएअनुसार द्रोपदीसहित पाँच पाण्डव अज्ञातवासमा रहँदा गुप्तवास सफल होस् भनी सूर्यदेवलाई आराधना गरिएको थियो । त्यस समयमा पाण्डवहरू विराट राजाको दरबारमा बास बसेको उल्लेख छ । लोक कथनबमोजिम सोही समयदेखि छठ पर्व मनाउने परम्पराको थालनी भएको हो ।

सूर्य पुराणअनुसार अत्रिमुनिकी पत्नी अनुसूयाले सर्वप्रथम छठ व्रत गरेकी थिइन् । फलस्वरूप उनले अटल सौभाग्य र पतिप्रेम प्राप्त गरिन् । त्यही बेलादेखि 'छठ पर्व' मनाउने परम्पराको सुरुआत भएको सूर्य पुराणमा उल्लेख छ ।

पुराणमा आफ्नै पिता श्रीकृष्ण तथा महर्षि दुर्वासाको सरापद्वारा कुष्ठरोगबाट पीडित साम्ब सूर्यको आराधनाको फलस्वरूप रोगमुक्त हुन गएको भन्ने चर्चा छ । छठ पर्वमा व्रत गरे दुःख र दरिद्रताबाट मुक्ति पाइन्छ भन्ने जनविश्वास छ । यसमा झुप्पाझुप्पा फल चढाउँदा सूर्य देवता प्रसन्न भई व्रतालुका कुटुम्बसहित सबै सन्तानको भलो हुन्छ भन्ने मान्यता पाइन्छ ।

यस पर्वमा व्रत बस्न नसक्ने व्रत गर्नेबाट कामना पूरा गराउने गर्छन् । आर्थिक अभाव भएका र व्रत गर्न इच्छुकलाई गुहचेश्वरीमा आई निःशुल्क रूपमा व्रत बस्नसक्ने व्यवस्था गरिएको पनि अध्यक्ष सिंहले जानकारी दिए ।

उपराष्ट्रपतिले गरे कुपोण्डोल र सानेपा राजतीर्थमा छठ पूजा

ललितपुर (प्रस)– उपराष्ट्रपति रामसहायप्रसाद यादवले छठ पर्वको मुख्य दिन आइतबार साँझ ललितपुरको कुपोण्डोल र सानेपास्थित राम मन्दिर राजतीर्थ पुगेर अस्ताउँदो सूर्यलाई पूजा-आराधना गरी अर्घ्य दिएका छन् । उपराष्ट्रपति यादवले पहिला कुपोण्डोलमा पुगेर र त्यसपछि सानेपास्थित राम मन्दिर राजतीर्थ फुटबल खेल मैदान अगाडि बागमती खोला किनारमा छठको पूजा गरेका हुन् । राजतीर्थमा छठ पूजामा सहभागी हुन आएका उपराष्ट्रपति यादवलाई छठ पूजा सेवा समाजका अध्यक्ष राकेश मेहेताले स्वागत गरेका थिए ।

कार्तिक शुक्ल चतुर्थीदेखि सप्तमीसम्म मनाइने सूर्यदेवको आराधना, उपासना र पूजा गरी यो पर्व मनाइन्छ । त्यस्तै, ललितपुरका नदी र पोखरीमा व्रतालु तथा श्रद्धालुले अस्ताउँदो सूर्यलाई अर्घ्य दिएर छठी माताको पूजा गरेका छन् । बागमती, नख्खु, कुपण्डोल, विष्णुमती तथा बोजेपोखरीलगायत नदी तथा पोखरीमा व्रतालुले अस्ताउँदो सूर्यलाई अर्घ्य दिएका छन् । आज बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिएपछि छठको पूजा सम्पन्न हुन्छ ।

सूर्य उपासनाको महापर्व छठको दोस्रो दिन आइतबार देशभर खरना विधि मनाइएको छ । छठ पर्वको महत्त्वपूर्ण विधिका रूपमा रहेको खरनामा व्रतालुहरू दिनभर उपवास बसेर साँझ विशेष पूजाआराधना गर्ने गर्छन् । खरनाका दिन व्रतालुहरूले माटोको नयाँ चुलोमा सखरको खीर र रोटी पकाएर छठी मातालाई चढाउने परम्परा छ । पूजापछि उक्त प्रसाद परिवारका सदस्यसँगै ग्रहण गरिन्छ ।

निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

सूचना प्रकाशित मितिः २०८३/०७/२०

श्री धनमान घलेकी छोरी, **श्री शुक बहादुर घलेकी** छोराबुहारी, **श्री लाल बहादुर घलेकी** पत्नी **गण्डकी प्रदेश, तनहुँ** जिल्ला **बन्दिपुर गा.पा** वडा नं. ४ बस्ने **श्रीमती दिलमाया घलेले** यस शाखामा पेन्सन खाता नं. **२३७१५२४०३०४३३०** संचालन गर्दै आउनु भएकोमा मिति **२०८२/११/१०** मा निज खातावाला **श्रीमती दिलमाया घलेको** निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको **छोरा** नाता पर्ने **श्री गणेश बहादुर घले**ले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । **बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक **श्रीमती दिल माया घलेको** नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दाबीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदावी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दावी गर्न यस बैंकको ठमेल शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न न आएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने बेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

नेपाल एसबिआई बैंक लिमिटेड
ठमेल शाखा, कार्यालय
फोन नम्बर: ०१४५१८५८२
फ्याक्स:- ०१४५१८४५३

युएइमा रोजगार | **कम्पनी : NOOR ALAIN CLEANING SERVICES EST.**
पूर्व स्वीकृति मिति : २०८३/०७/२२ | LT. No. 350204 | चलानी नं. ६०२६३२४७

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Cleaners (Male)	40	0	1000	८१,५४७					छ		
2	Cleaners (Ladies)	0	20	1000	८१,५४७							

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ मंसिर ७ गते (23rd Nov. 2026) मा हुनेछ ।

रहदेखा अरिले पि मेडिकल खर्च गरेको भर्ने र फिर्ता भर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	रहदेखा अरिले बिमा खर्च गरेको ल्याहोर्ने र फिर्ता ल्याने	रोजगारका बिमा हुने/नहुने र गरेको ल्याहोर्ने	हवाई टिकट गरेको दिने र फिर्ता ल्याने	बिमा शुल्क गरेको दिने र फिर्ता ल्याने	सामाजिक सुरक्षा कोष गरेको दिने र फिर्ता ल्याने (रसस्सपा)	कल्याणकारी कोष सम्बन्धि व्यहरा	सेवा शुल्क	अनिवार्यकिरण पूरक सारी ल्याने र गरेको ल्याहोर्ने	बिमा स्टाम्पिङ पूरक गरेको ल्याहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	६ २५१ - कामदारले तिर्ने	६ १,२०० - कामदार आफैले	नि:शुल्क	६ ७०० - कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट स्वरपत्रको जानकारी: १) आफ्नो नाममा बिना छाप भई जाने रिसिप्ट भरपाँछ मात्र कम्पनीमै गई स्वयं बुझाउनु होला । कुमाराको स्वरूको बीचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकका गरेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू सोधनी गरिनुहोला । आफू कार्टिनुहुने पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमैलाई नदिनुहोला । ४) विदेश जानुअघि अनिवार्यरूपमा वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने तलब, सुविधा र अन्य शर्तबारे राम्रो पहेंर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६) कामका विरुद्ध जाँच नेपालकै एयरपोर्टे प्रयोग गर्नुहोला अन्यथा ठ्गिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 1722/081/082

GLOCAL WORKFORCE NEPAL PVT. LTD.
Golfutar-8, Budhanilkantha (Near Basketball court), Kathmandu, Nepal, +9779801095962(Whatsapp), +9779802374835,+9779801095962, Web: www.workforcenepal.com

युएइमा रोजगार | **कम्पनी : TEKZONE BUILDING CONTRACTING LLC**
पूर्व स्वीकृति मिति : २०८३/०७/२५ | LT. No. 350199 | चलानी नं. ६०१६३२६८

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Labourer / Building worker	5	0	1100	४५,२६२	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

कम्पनी : SCOPE INFORMATION SYSTEMS L.L.C.
पूर्व स्वीकृति मिति : २०८३/०७/२३ | LT. No. 350173 | चलानी नं. ६०१६३२६७

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Assistant Electricians	3	0	1500	६१,७२१	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2	Assistant Technician/telecommunication	1	0	1500	६१,७२१							
3	Technician Telecommunication	2	0	1800	७४,०६५							
4	Electronic Computer Assembling Labour	1	0	2000	८२,२८५							

कम्पनी : TASWID TECHNICAL SERVICES CO.
पूर्व स्वीकृति मिति : २०८३/०६/२५ | LT. No. 349167 | चलानी नं. ६०१६२३०१

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Painter Assistant	1	0	1500	६१,७२१	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2	Electrician.	1	0	1500	६१,७२१							
3	BRICKLAYER	1	0	1500	६१,७२१							
4	Carpenters	1	0	1500	६१,७२१							
5	STONE MASON	1	0	1500	६१,७२१							

कम्पनी : Khadamat Co LLC
पूर्व स्वीकृति मिति : २०८३/०६/२५ | LT. No. 349297 | चलानी नं. ६०१६२४७०

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	ASSISTANT /HELPER/LABOUR	50	0	1100	४५,२६२	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ मंसिर ७ गते (23rd Nov. 2026) मा हुनेछ ।

रहदेखा अरिले पि मेडिकल खर्च गरेको भर्ने र फिर्ता भर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	रहदेखा अरिले बिमा खर्च गरेको ल्याहोर्ने र फिर्ता ल्याने	रोजगारका बिमा हुने/नहुने र गरेको ल्याहोर्ने	हवाई टिकट गरेको दिने र फिर्ता ल्याने	बिमा शुल्क गरेको दिने र फिर्ता ल्याने	सामाजिक सुरक्षा कोष गरेको दिने र फिर्ता ल्याने (रसस्सपा)	कल्याणकारी कोष सम्बन्धि व्यहरा	सेवा शुल्क	अनिवार्यकिरण पूरक सारी ल्याने र गरेको ल्याहोर्ने	बिमा स्टाम्पिङ पूरक गरेको ल्याहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	६ २५१ - कामदारले तिर्ने	६ १,२०० - कामदार आफैले	नि:शुल्क	६ ७०० - कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट स्वरपत्रको जानकारी: १) आफ्नो नाममा बिना छाप भई जाने रिसिप्ट भरपाँछ मात्र कम्पनीमै गई स्वयं बुझाउनु होला । कुमाराको स्वरूको बीचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकका गरेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू सोधनी गरिनुहोला । आफू कार्टिनुहुने पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमैलाई नदिनुहोला । ४) विदेश जानुअघि अनिवार्यरूपमा वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने तलब, सुविधा र अन्य शर्तबारे राम्रो पहेंर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६) कामका विरुद्ध जाँच नेपालकै एयरपोर्टे प्रयोग गर्नुहोला अन्यथा ठ्गिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 1722/081/082

EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmarthrn@gmail.com

साउदीमा रोजगार | **कम्पनी : DMK GENERAL CONTRACTING EST.**
पूर्व स्वीकृति मिति : २०८३/०७/२१ | LT. No. 349597 | चलानी नं. ६०१६३३५०

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब SR	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Loading And Unloading Worker	5	0	1200	४८,२३५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

कम्पनी : SIDR AL WATAN LOGISTIC SERVICES COMPANY
पूर्व स्वीकृति मिति : २०८३/०७/२१ | LT. No. 350036 | चलानी नं. ६०१६३३५१

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब SR	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	KITCHEN WORKER	1	0	1200	४८,२३५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2	Office and Facilities Cleaning Worker	8	0	1200	४८,२३५							

कम्पनी : Awam Saleh Bin Muhammad Al-Mahamid Trading Establishment
पूर्व स्वीकृति मिति : २०८३/०७/२९ | LT. No. 350470 | चलानी नं. ६०१६३३६४

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब SR	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Packaging Worker	4	0	1200	४८,२३५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

कम्पनी : Al Muna Kareem Hotel for Tourist Accommodation
पूर्व स्वीकृति मिति : २०८३/०७/२८ | LT. No. 350433 | चलानी नं. ६०१६३३६६

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब SR	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Hotel House Keeper	9	0	1600	६४,३९८	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

कम्पनी : Jubail Gas Plant Company | शेवा शुल्कः नि:शुल्क
पूर्व स्वीकृति मिति : २०८३/०७/२९ | LT. No. 350464 | चलानी नं. ६०१६३३६३

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब SR	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	DRIVER TRUCK	9	0	1800	७२,३५३	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

कम्पनी : Overlook Cafe | शेवा शुल्कः नि:शुल्क
पूर्व स्वीकृति मिति : २०८३/०७/२९ | LT. No. 350465 | चलानी नं. ६०१६३३६५

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब SR	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Food and Beverage Counter Worker	5	0	1200	४८,२३५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ मंसिर ७ गते (23rd Nov. 2026) मा हुनेछ ।

रहदेखा अरिले पि मेडिकल खर्च गरेको भर्ने र फिर्ता भर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	रहदेखा अरिले बिमा खर्च गरेको ल्याहोर्ने र फिर्ता ल्याने	रोजगारका बिमा हुने/नहुने र गरेको ल्याहोर्ने	हवाई टिकट गरेको दिने र फिर्ता ल्याने	बिमा शुल्क गरेको दिने र फिर्ता ल्याने	सामाजिक सुरक्षा कोष गरेको दिने र फिर्ता ल्याने (रसस्सपा)	कल्याणकारी कोष सम्बन्धि व्यहरा	सेवा शुल्क	अनिवार्यकिरण पूरक सारी ल्याने र गरेको ल्याहोर्ने	बिमा स्टाम्पिङ पूरक गरेको ल्याहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	६ २५१ - कामदारले तिर्ने	६ १,२०० - कामदार आफैले	नि:शुल्क	६ ७०० - कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट स्वरपत्रको जानकारी: १) आफ्नो नाममा बिना छाप भई जाने रिसिप्ट भरपाँछ मात्र कम्पनीमै गई स्वयं बुझाउनु होला । कुमाराको स्वरूको बीचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकका गरेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू सोधनी गरिनुहोला । आफू कार्टिनुहुने पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमैलाई नदिनुहोला । ४) विदेश जानुअघि अनिवार्यरूपमा वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने तलब, सुविधा र अन्य शर्तबारे राम्रो पहेंर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६) कामका विरुद्ध जाँच नेपालकै एयरपोर्टे प्रयोग गर्नुहोला अन्यथा ठ्गिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 1722/081/082

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
Srijanshil Marg, Basundhara, Kathmandu, Nepal, Contact : Ramesh Khadka 9801006239, E-mail : alkausar.hrm@gmail.com

बिमालेख हरायो

मिति २०८३/०६/३० गते झापास्थित लखनपुर जानेक्रममा मेरो निम्न व्यहोरा भएको सक्कली बीमा अभिलेख प्रमाणपत्र हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम : लक्ष्मण निरौला
बिमालेख नं. : २०००१३७८२
बीमा कम्पनी : एल आई सी (नेपाल) लि. काठमाडौं
ठेगाना : लखनपुर, वडा नं.-९, झापा
सम्पर्क नं. : ९८४२७०८८२१

मोटरसाइकल हराएको सूचना

मिति २०८३/०७/१४ गते काजिकामनपा-३२ कोटेश्वर स्थित पार्किङ बाट काले-रातो रङ्को १५० सीसीको पल्सर मोटरसाइकल अन्दाजी बेलुका ०५:२५ बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

सवारी धनीको नाम :सुबास के.सी
बाइक नं.: बा.प्र. ०३-०६३ प ६७७६
च्यासिस नं.: MD2A11CXOSPE77910
इन्जिन नं. : DHXPSE51508
ठेगाना : मालारानी – ५, अर्घाखाँची
सम्पर्क नं. ५८६९८०६८१०

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

हक दावी गर्न आउने बारेको ३५ दिने सूचना

यस कार्यालयमा मिति २०७२/१२/१४ मा दर्ता भएको **वितवन डेभलप्मेन्ट एण्ड रिसर्च सेन्टर प्राइभेट लिमिटेड (प्रा.लि. नं. १८७७३५** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ (पैतिस) दिन**भित्र यस कार्यालयमा **हक दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

कालिन्चोक हाइड्रोपावर लिमिटेड
Kalinchock Hydropower Limited

रजिष्टर्ड ठेगानाः काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ३, रानीबारी, काठमाण्डौ, नेपाल, फोन न. ०१-४९५८३३२
Email: kalinchwokhydro@gmail.com, Website: www.khpl.com.np

Unaudited Financial Results (Quarterly)
1st Quarter of financial Year 2083/84

Balance Sheet as on Ashwin 31, 2083 (Unaudited)

Particulars	Current Quarter Ending Ashwin 31, 2083	Restated Unaudited Previous Quarter Ending Ashadh 32, 2083	Corresponding Previous Year Quarter Ending Ashwin 31, 2082
ASSETS			
Non-Current Assets			
Property, Plant and Equipment	21,04,399	21,71,238	25,96,322
Intangible Assets	1,19,58,14,750	1,14,84,41,537	83,50,03,106
Intangible Assets Under IFRIC 12		5,74,22,077	4,17,50,155
Trade and Other Receivables	2,83,92,599	2,83,92,599	2,83,20,023
Total Non-Current Assets	**1,22,63,11,749**	**1,23,64,27,450**	**90,76,69,606**
Current Assets			
Trade and Other Receivables	11,19,46,740	8,87,38,552	6,41,10,750
Cash and Cash Equivalents	69,53,050	83,01,623	14,79,889
Current Tax Assets	2,91,327	2,90,462	1,52,469
Total Current Assets	**11,91,91,116**	**9,73,30,637**	**6,57,43,109**
TOTAL ASSETS	**1,34,55,02,865**	**1,33,37,58,088**	**97,34,12,715**
EQUITY AND LIABILITIES			
Equity			
Share Capital	55,00,00,000	55,00,00,000	33,00,00,000
Retained Earnings and Reserves	(1,79,86215)	(2,21,31,483)	2,15,43,385
Total Equity	**53,20,13,785**	**52,78,68,517**	**35,15,43,385**
Liabilities			
Non-Current Liabilities			
Loans and Borrowings	65,60,09,272	64,59,48,622	55,31,04,799
Trade and Other Payables	3,01,04,308	3,11,04,308	1,65,37,073
Total Non-Current Liabilities	**68,61,13,579**	**67,70,52,930**	**56,96,41,872**
Current Liabilities			
Loans and Borrowings			3,15,00,000
Trade and Other Payables	12,73,75,501	12,88,36,642	2,07,27,457
Total Current Liabilities	**12,73,75,501**	**12,88,36,642**	**5,22,27,457**
Total Liabilities	**81,34,89,080**	**8058,89,571**	**62,18,69,329**
TOTAL EQUITY AND LIABILITIES	**1,34,55,02,865**	**1,33,37,58,088**	**97,34,12,715**

Unaudited Statement of Profit or Loss and Other Comprehensive Income
For the year ended 31st Ashwin 2083 (17th October, 2026)

Particulars	Current Quarter Ending Ashwin 31, 2083	Restated Unaudited Previous Quarter Ending Ashadh 32, 2083	Corresponding Previous Year Quarter Ending Ashwin 31, 2082
Revenue From Operations	2,90,34,669		
Other Income	5,763	54,86,014	4,571
As per IFRIC 12			
Construction Revenue as per IFRIC 12		34,35,64,957	14,454,604
Construction Expenses as per IFRIC 12		(32,72,04,721)	(13,766,290)
Total Income	**2,90,40,432**	**2,18,46,250**	**692,886**
Operating Expenses	24,02,306		
Employee Benefit Expenses	15,26,953		
Administrative Expenses	628,957	53,28,960	4,13,346
Impairment Loss		5,94,84,109	
Depreciation, Amortization & Impairment of Assets	1,01,91,700	5,71,347	1,42,837
Finance Costs	1,00,60,650		
Total Expenditure	**2,48,10,566**	**6,53,84,416**	**5,56,183**
Profit/(Loss) Before Tax	**42,29,866**	**(4,35,38,166)**	**1,36,702**
Income Tax Expense			
Profit/(Loss) from continuing operations	**42,29,866**	**(4,35,38,166)**	**1,36,702**
Profit /(Loss) on Discontinued Operations (Net of tax)			
Net Profit/(Loss) For The Year	**42,29,866**	**(4,35,38,166)**	**1,36,702**
Less: Provision for Staff Bonus	**84597**		
Less: Provisions for CSR	**41453**		
Net Profit/(Loss) After Provisions For The Year	**41,03,816**		

Notes:
1. The financial Statements are prepared as per the Nepal Financial Reporting Standards (NFRS).
2. The Unaud

प्रभाव दैनिक
National Daily

सम्पादकीय

विदेश भ्रमणको होडबाजी

संसद्को अधिवेशन अन्त्य भएसँगै सांसद तथा सरकारका मन्त्रीहरूको बाक्लो विदेश भ्रमणले यतिबेला नेपाली राजनीतिमा नयाँ बहस सिर्जना गरेको छ । चिनियाँ कम्युनिस्ट पार्टीको निमन्त्रणामा सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) २० सदस्यीय सांसदको टोली चीन भ्रमणमा गएको छ भने टर्कीएमा आयोजित जलवायु सम्मेलन (कोप-३१) मा पाँच मन्त्रीसहित दर्जनभन्दा बढी सांसद सहभागी भएका छन् । यसका साथै गृहमन्त्री दुबई, कानुनमन्त्री नेदरल्याण्ड, पर्यटनमन्त्री बेलायत र सञ्चारमन्त्री कतार पुगेर फर्केका छन् भने अन्य केही सांसद मलेसिया, फिलिपिन्स र अमेरिका भ्रमणमा रहेका छन् । प्रधानमन्त्री स्वयं पनि चार मन्त्रीसहित भारत भ्रमणमा जाने तयारीमा छन् ।

अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालको प्रतिनिधित्व हुनु, द्विपक्षीय सम्बन्ध विस्तार गर्नु, विपद् व्यवस्थापन तथा व्यापारिक सहकार्यका विषयमा अनुभव आदानप्रदान गर्नु कूटनीतिक र नीतिगत हिसाबले स्वाभाविक र आवश्यक प्रक्रिया हो । दुई देश र दलबीचको सम्बन्ध सुदृढ पार्नु तथा भविष्यका उच्चस्तरीय भ्रमणको आधार तयार गर्नु सकारात्मक पक्ष मान्न सकिन्छ । यद्यपि, एकैपटक ठूलो संख्यामा जनप्रतिनिधिहरू विदेश उड्दा त्यसको औचित्य, उपलब्धि र खर्चको पारदर्शिताबारे गम्भीर प्रश्न उठ्नु अस्वाभाविक होइन ।

सत्तारुढ दलकै सांसदहरू आशिका तामाङ, ज्वाला संग्रौला र गणेश कार्कीले सामाजिक सञ्जालमार्फत उठाएका प्रश्नहरूले यस विषयलाई थप पेचिलो बनाएको छ । पार्टीभित्रै पर्याप्त जानकारी नदिई हुल बाँधेर विदेश जानु, राज्यको ढुकुटीको प्रयोगबारे स्पष्टता नहुनु र विगतमा पुराना दलहरूले यस्तै प्रवृत्ति अपनाउँदा आलोचना गर्ने नयाँ शक्तिले आज उही बाटो समात्नुले नैतिक प्रश्न खडा गरेको सांसद संग्रौलाको टिप्पणी मननयोग्य छ । त्यस्तै, सांसद कार्कीले माग गरेझैं भ्रमणमा जाने जनप्रतिनिधिहरू सरकारी खर्चमा गएका हुन् वा व्यक्तिगत तथा आयोजकको प्रायोजनमा भन्ने विषय स्पष्ट रूपमा सार्वजनिक गरिनु लोकतान्त्रिक उत्तरदायित्वभित्र पर्दछ ।

राजनीतिक विश्लेषक केशव दाहालले टिप्पणी गरेझैं, मतदाता र पार्टीप्रति प्रत्यक्ष उत्तरदायी बन्नुपर्ने दबाब कम हुँदा जनप्रतिनिधिहरूमा विदेश मोह बढेको हो कि भन्ने आशंका जनस्तरमा पैदा भएको छ । परम्परागत राजनीतिक संस्कारको विकल्पका रूपमा उदाएको दाबी गर्ने दल र नेतृत्वबाट नागरिकले अझ बढी मितव्ययिता, पारदर्शिता र कार्यसम्पादनमुखी व्यवहारको अपेक्षा राखेका हुन्छन् ।

विदेश भ्रमण आफैंमा गलत होइन, तर त्यसको मापदण्ड, आवश्यकता र प्रतिफल स्पष्ट हुनुपर्छ । कुन भ्रमण देशको हित र नीति निर्माणका लागि अपरिहार्य छ र कुन भ्रमण केवल औपचारिकता वा सयरमा सीमित छ भन्ने छुट्याउन आवश्यक छ । सरकारले विदेश भ्रमणसम्बन्धी स्पष्ट मापदण्ड लागू गरी खर्चको स्रोत र भ्रमणबाट प्राप्त ठोस उपलब्धिलाई सार्वजनिक गर्ने परिपाटी बसाल्न सकेमात्र जनप्रतिनिधिप्रतिको जनविश्वास कायम रहन सक्छ ।

भूउपयोग गुरुयोजना विकासको अपरिहार्य आधार



■ डा. ठाकुरप्रसाद भट्ट

दशकौंको विकासको चाहना र प्रयासपछि पनि हामी 'के नेपालको विकास सम्भव छ ?' भन्नेजस्ता सवालमा घोत्लिन बाध्य भइरहेका छौं । यो आफैंमा एउटा दुःखद् अवस्था हो । त्यसो त विकास स्वयं जटिल र बहुआयामिक विषय हो; यो त्यति सजिलो र छोटो समयमा हासिल गर्न सकिने विषय पनि होइन तर पनि हाम्रोजस्तो साधन-स्रोतले धनी मानिने देशमा विकासले एउटा भरपर्दो लयसमेत समात्न नसकेको अवस्था रहनु विडम्बनायुक्त विषय हो ।

खासमा विकासको सपना देखेर वा यसको हुटहुटी भएर मात्र कुनै पनि देशले अपेक्षित विकास हासिल गर्न सम्भव हुँदैन । यस्तो सोचले विकासलाई खण्ड-खण्डमा वा कुनै विशेष क्षेत्रमा हुने विकासलाई मात्र ध्यान दिने गर्छ । यसबाट समग्रतामा विकासको ढाँचा निर्माण गरी एउटा लयमा अघि बढाउने काम हुन सक्दैन । हामीकहाँ दशकौंदेखि गरिएका विकासका प्रयासहरू कतै यस्तै खण्डित दृष्टिकोणका कारणले पूर्णता हासिल गर्न वा समग्र विकासको दिशातर्फ अघि बढ्न नसकेका हुन् कि भनेर प्रश्न गर्नुपर्ने देखिन्छ । त्यसैले विकासलाई समग्रतामा सोच्ने दृष्टिकोणले यसका कारणहरूको पहिचान गर्न र विकासका लागि चाहिने आधारभूत आधारहरूको खोजी गर्न सघाउँछ । हामीकहाँ विकासको सम्भावना छ तर त्यसका लागि आवश्यक वातावरण नै छैन भन्ने विचार र भावना सदैव रहिआएको छ । हो, त्यसैले पहिलो आवश्यकता विकासको आधार वा वातावरण तय गर्नु हो ।

यस्ता आधारहरूमध्ये हालसम्मको बहसमा छुटेको र प्राथमिकतामा नपरेको विषय हो- भूउपयोग गुरुयोजना । विकासको बाटोमा लाग्दा क्षेत्रीय विकास, एकीकृत ग्रामीण विकास आदिजस्ता अवधारणा र योजनाहरू नआएका होइनन् तर प्रसिद्ध भूगोलविद एवं विकासविद डा. हर्क गुरुङको पहलमा चौथो योजनामा समावेश गरिएको क्षेत्रीय विकास योजनाको नीतिले पूर्णता: पाउन सकेन भने भूउपयोग गुरुयोजनाको नीति लागू नै हुन सकेन । यहाँ मनन गर्नुपर्ने पक्ष के छ भने सबै कुरा पुरानै अवस्थामा राखेर विकासको आधार निर्माण हुन सक्दैन । स्वत: बन्दै जाने, आफसेआफ हुँदै जाने विकासको शैली अँगालेर वा हचुवा तवरमा योजनाहरू छरेर ठोस र दिगो विकास हासिल हुन सक्दैन तर हाम्रा सडकलगायतका भौतिक पूर्वाधार र बस्तीहरू समग्र विकासको ढाँचामा आधारित नभई अलग-अलग र एक किसिमको हचुवा शैलीमा निर्माण भइरहेका छन् । फलस्वरूप, यस्तो विकासले विकासको झलक दिन सकिरहेको छैन ।

यस्तो हुनुको पछाडि हाम्रा विकासका योजनाहरू वस्तुनिष्ठ विश्लेषण र परिवेशमा आधारित साझा आवश्यकताका आधारमा नभई राजनीतिक पक्षधरता र लोकप्रियताका आधारमा बन्ने गरेका छन् । यसको एउटा उदाहरण राष्ट्रिय गौरवका आयोजनाहरूको छनोटसमेत कतिपय अवस्थामा साझा राष्ट्रिय प्राथमिकताभन्दा राजनीतिक तथा दलीय प्राथमिकताबाट प्रभावित हुने गरेको आलोचना हुँदै आएको छ । तराई र पहाडमासमेत गरी तीनवटा पूर्व-पश्चिम राजमार्ग सञ्चालनमा आइसकेको अवस्थामा चुरेजस्तो संवेदनशील भूगोल, जैविक विविधताले भरिपूर्ण र पातलो बस्ती भएको क्षेत्रमा छोटो दूरीको अन्तरालमा नै अर्को समानान्तर राजमार्ग निर्माण गर्नुपर्ने आवश्यकता किन पऱ्यो ? जबकि पहाडी भेगमा रहेको पुष्पलाल लोकमार्ग र तराईमा रहेको हुलाकी मार्ग वर्षौंदेखि पूरा हुन सकेका छैनन् । हुनसक्छ, हामीलाई तीनवटा पूर्व-पश्चिम राजमार्ग भइसकेको अवस्थामा उत्तर-दक्षिण मार्गहरूलाई तिनमा जोडिदिँदा आर्थिक विकास र व्यवसायका लागि उचित वातावरण सिर्जना गर्न सकिने थियो । भूउपयोग गुरुयोजनालाई आधार बनाएर बस्तीहरूको अवस्था, आर्थिक-सामाजिक सम्भाव्यता र वातावरणीय पक्षसमेतको लेखाजोखा गरिएको भए उपयुक्त यातायात सञ्जाल वा प्रणाली विकास गर्न सहज हुने थियो ।

त्यसैगरी, देशैभरि डोजरे सडकहरू बनिरहेका छन् । बेहिसाब सडक निर्माणको एउटा दृष्टान्त काठमाडौंबाट हेटौंडा जाने सडकहरूलाई लिन सकिन्छ । काठमाडौं-तराई/मधेस द्रुतमार्गसहित मूल सडक तथा उपसडक गरी यस क्षेत्रमा नौवटा सडक निर्माण भइसकेका वा निर्माणाधीन छन् तर, वर्षायाममा दिगो रूपमा सञ्चालन हुन सक्ने सडकको अभाव देखिन्छ । आखिर कतिवटा सडकले हाम्रो आवश्यकता पूरा गर्ने हो र त्यसको निर्धारण कसरी गर्ने हो ? एकातर्फ सडकको सञ्जाल गाउँ-गाउँसम्म पुगिरहेको छ भने अर्कोतर्फ गाउँहरूबाट बसाइँसराइका कारण गाउँहरू खाली हुँदै गएका छन् र त्यहाँ आर्थिक-सामाजिक विकासका गतिविधिहरू अवरुद्ध भइरहेका छन् । अर्को देखिएको समस्या देशका अधिकांश पालिकाहरूमा फोहोर व्यवस्थापनको रहेको छ । यसमा खासगरी फोहोर व्यवस्थापन गर्ने साइटको पहिचान हुन सकेको छैन । त्यस्तै, बस्ती बस्नुपर्ने ठाउँमा बस्तीको विकास हुन सकेको छैन भने उर्वर फाँटहरूमा सडक हुलेर हचुवा तवरमा घरहरू निर्माण गर्दै योजनाविहीन रूपमा बस्तीहरू बनिरहेका छन् ।

यस्तो अवस्थाले के देखाउँछ भने हाम्रा विकासका प्रयासहरू दिगो विकास हासिल गर्ने उद्देश्यले योजनाबद्ध र एकीकृत तवरमा भइरहेका छैनन् । अझ, भौतिक पूर्वाधारका योजनाहरू निर्माण गर्दा ती योजनाहरूले कस्तो आर्थिक र सामाजिक लाभका अवसर र आधार सिर्जना गर्न सक्छन् भनेर पर्याप्त अध्ययन हुन सकिरहेको छैन । यदि यस्तो हुँदो हो त हाम्रा गाउँहरूमा सडक, पानी र बिजुली पुग्दा पनि ती किन खाली भइरहेका छन् ? किन हाम्रा उर्वर जग्गाहरूमा घरहरू बनेर कृषि भूमि नास भइरहेको छ र कृषि व्यवसाय ओरालो लागिरहेको छ ? यस्ता प्रश्नहरू उठिरहेका छन् ।

यस्ता समस्याहरूको समाधानको एउटा महत्त्वपूर्ण आधार भनेको भूउपयोग गुरुयोजनाको आधारमा समग्र विकास र आर्थिक-सामाजिक गतिविधिहरू सञ्चालन गर्नु हो । हाम्रोजस्तो भौगोलिक विविधता र प्राकृतिक प्रकोपको उच्च जोखिम रहेको देशमा विकासका हरेक योजना तय गर्न यसलाई अनिवार्य आधार बनाइनुपर्ने विषय हो । हामी कहाँ २०७२ सालको भूकम्पका बेला एकीकृत बस्ती विकासको चर्चा चलेको थियो भने हालैको भोटेकोशी-त्रिशूली बाढीको सन्दर्भमा बस्ती स्थानान्तरणको चर्चा चलिरहेको छ । यस्तो अवस्थामा यदाकदा भूउपयोग योजनाको चर्चा चल्छ । तर हुनुपर्ने के हो भने भूउपयोग गुरुयोजनाको नीतिलाई बस्ती विकासदेखि भौतिक पूर्वाधार र समग्र सामाजिक-आर्थिक विकासको आधार बनाइनु जरुरी हुन्छ । यसले नै विकासको बलियो आधार निर्माण गर्छ ।

विकासका लागि चाहिने वातावरण निर्माण गर्न आवश्यक नीतिहरूको अभावमा खण्डीकृत वा टुक्रे विकासका कुरा गरेर वास्तविक र दिगो विकास हासिल हुन सक्दैन । अहिलेसम्मका हाम्रा विकास प्रयासहरू प्रभावकारी र परिणाममुखी हुन नसक्नुको एउटा महत्त्वपूर्ण कारण भूउपयोग गुरुयोजनाको नीति अवलम्बन नगर्नु हो तर यो विषय पर्याप्त बहसमा आउन सकेको छैन । यसका कारण हाम्रा सीमित स्रोत-साधनहरूको उचित सदुपयोग हुन नसकिरहेको मात्र होइन, अनियोजित विकासले कतिपय अवस्थामा विनाशसमेत निम्त्याइरहेको छ । फलत: विकासले अपेक्षित आर्थिक-सामाजिक विकासको दिशा समात्न सकेको छैन ।

> विकासका लागि चाहिने वातावरण निर्माण गर्न आवश्यक नीतिहरूको अभावमा खण्डीकृत वा टुक्रे विकासका कुरा गरेर वास्तविक र दिगो विकास हासिल हुन सक्दैन । अहिलेसम्मका हाम्रा विकास प्रयासहरू प्रभावकारी र परिणाममुखी हुन नसक्नुको एउटा महत्त्वपूर्ण कारण भूउपयोग गुरूयोजनाको नीति अवलम्बन नगर्नु हो तर यो विषय पर्याप्त बहसमा आउन सकेको छैन । यसका कारण हाम्रा सीमित स्रोत-साधनहरूको उचित सदुपयोग हुन नसकिरहेको मात्र होइन, अनियोजित विकासले कतिपय अवस्थामा विनाशसमेत निम्त्याइरहेको छ । फलतः विकासले अपेक्षित आर्थिक-सामाजिक विकासको दिशा समात्न सकेको छैन ।

भूउपयोग गुरुयोजनालाई समग्र विकासको आधार मान्नुको प्रमुख कारण क्षेत्रगत विकासका योजनाहरू निर्माण गर्न यसले बलियो आधार प्रदान गर्नु हो । यही आधारमा यातायात तथा समग्र 'कनेक्टिभिटी'को योजना बनाउन सहज हुन्छ ।

त्यसैगरी, जोखिमयुक्त तथा सुरक्षित क्षेत्रहरूको पहिचान गरी बस्ती विकासको योजना बनाउन सकिन्छ । जलवायु परिवर्तनका कारण बढ्दै गएको जोखिमको मूल्यांकन गरी नयाँ बस्तीमात्र होइन, पुराना बस्तीलाई समेत सुरक्षित स्थानमा स्थानान्तरण गर्नुपर्ने अवस्था आएको छ । योजनाबद्धरूपमा विकास गरिएका एकीकृत र केन्द्रित बस्तीहरूमा पूर्वाधार तथा सेवाहरू सहज र कम लागतमा उपलब्ध गराउन सकिन्छ । यस्ता बस्तीमा आर्थिक गतिविधि चलायमान हुनुका साथै सामाजिक सेवाहरूको पहुँच पनि सहज हुन्छ । संसारका अधिकांश व्यवस्थित बस्तीहरू कुनै न कुनै रूपमा भूउपयोग योजना वा त्यसमा आधारित दीर्घकालीन योजनाका आधारमा नै विकास भएका छन् ।

यसैगरी कृषि, वन, पर्यटनजस्ता आर्थिक विकासका क्षेत्रहरूको योजनाबद्ध विकासका लागि पनि भूउपयोग गुरुयोजनाले महत्त्वपूर्ण आधार प्रदान गर्दछ । कृषि विकासका लागि स्थानीय उत्पादनलाई कसरी बजारसँग जोड्ने भन्ने योजना पनि यही आधारमा बनाउन सम्भव हुन्छ ।

त्यसैगरी, पालिकाहरूबीचको सहकार्यमा जटिल बन्दै गएको फोहोर व्यवस्थापनको समस्या समाधानका उपाय पहिचान गर्न पनि भूउपयोग गुरुयोजनाले आधार प्रदान गर्न सक्छ । भूउपयोग गुरुयोजना भौतिक पूर्वाधारका योजनाका लागि मात्र आवश्यक हुने होइन; सामाजिक तथा आर्थिक विकासका योजनाका लागि पनि यो बलियो आधार बन्न सक्छ । विद्यालय तथा अन्य शैक्षिक संस्थाहरू कहाँ र कसरी केन्द्रित गर्ने, अस्पतालहरू कहाँ आवश्यक छन्, औद्योगिक क्षेत्रहरू कहाँ स्थापना गर्न उपयुक्त हुन्छन् जस्ता विभिन्न पक्षलाई पनि भूउपयोग गुरुयोजनाले मार्गदर्शन गर्न सक्छ ।

यसरी समग्र विकासको आधार बनाइनुपर्ने भूउपयोग गुरुयोजना तयार गर्न र कार्यान्वयन गर्न संघ, प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्य हुनु आवश्यक छ । आज सूचना प्रविधिको विकास भएको अवस्थामा यसको सदुपयोग गरी यस्तो गुरुयोजना तयार गर्न थप सहज भएको छ । यसका लागि विभिन्न विषयका विज्ञहरूको संयुक्त प्रयास आवश्यक हुन्छ भने योजना आयोग, अनुसन्धान संस्थाहरू तथा विश्वविद्यालयहरूको सहकार्य पनि उत्तिकै जरुरी छ । यस कार्यमा भूगोलविद्, भूगर्भशास्त्री, मानवशास्त्री तथा समाजशास्त्री, अर्थशास्त्री, विकास तथा योजनाविद्जस्ता विभिन्न विषयका विज्ञहरूको संलग्नताका साथै रैथाने ज्ञान र स्थानीय अनुभवलाई पनि उत्तिकै महत्त्व दिन आवश्यक हुन्छ । यसो हुन सकेमामात्र बहुआयामिक दृष्टिकोणसहित समग्र विकासका लागि व्यावहारिकरूपमा कार्यान्वयन गर्न सकिने भूउपयोग गुरुयोजना निर्माण हुने छ । यस्तो गुरुयोजनाले मात्र देशको सर्वांगीण विकासको दिगो आधार तय गर्न सक्छ । *रासस*

(लेखक विकास योजना तर्जुमा, अनुसन्धान र अध्यापनमा संलग्न छन्)

श्रम सरोकार

निर्माण क्षेत्रमा काम गर्दा अपनाउनुपर्ने सावधानी

वैदेशिक रोजगारीमा गएका धेरै नेपालीहरू निर्माण क्षेत्रमा कार्यरत छन् । निर्माण क्षेत्रमा काम गर्दा विशेष सतर्कता अपनाउनुपर्ने हुन्छ । किनभने हरेक क्षण जोखिममा काम गर्नुपर्छ । निर्माण क्षेत्रमा काम गर्ने कामदारहरूले सुरक्षा सावधानीका आवश्यक सबै नियमहरूको पूर्ण पालना गर्नुपर्दछ, जसमा न्यूनतम् यी कुराहरू पर्दछन्:

- हातमा पञ्जा वा कामको प्रकृति सुहाउँदो, टाउकोमा हेलमेट खुट्टामा सेफ्टी सुज (स्टिल टो भएको जुत्ता), पूरै शरीर ढाकिने युनिफर्म, आँखामा सेफ्टी ग्लास (चस्मा), मुखमा मास्क (धूलो हुनेमा अनिवार्य), कानमा इयर प्लग (ठूलो आवाज हुनेमा अनिवार्य) सामान्यतया प्रयोग गरिने न्यूनतम उपकरणहरू हुन् । यिनका अतिरिक्त स्काफोल्डिङ प्रयोग गरिने उचाई या गहिराइका काममा डोरीसहितको विशेष सेफ्टी ज्याकेट र बेल्ट, स्याण्ड ब्लास्टिङ गर्दा ब्लास्टिङका विशेष उपकरण जस्तै विशेष काममा विशेष (अतिरिक्त सुरक्षा) उपकरणहरू प्रयोग गर्ने ।
- काम गर्ने ठाउँमा आगो नियन्त्रणका लागि एकजना रेखदेख गर्ने व्यक्ति र सुरक्षा सावधानी हेर्ने छुट्टै सेफ्टी सुपरभाइजर पनि अनिवार्य रहनुपर्ने नियम नै हुन्छ, उक्त नियमको पालना गर्ने ।
- कम्पनीको काम व्यक्तिगत काम जस्तो आफूखुसी गर्नु हुँदैन, ठूला कम्पनीहरूका प्राय: काममा हरेक दिन काम सुरू गर्नुअघि अनुमति लिनुपर्ने सिस्टम हुन्छ, यस्तो पर्मिट दिनुअघि काम गर्ने स्थल सुरक्षित छ छैन जाँच गर्नुपर्छ ।
- काममा प्रयोग हुने सबै उपकरणहरू दुरूस्त हुनुपर्दछ, जाँचेर सुरक्षित भएको टचाग नै लगाइएको हुनुपर्दछ । साथै गाडी चालक तथा अपरेटरहरू पनि लाइसेन्स होल्डरहरू हुनुपर्दछ ।
- आफूले नजानेको, नबुझेको या नसक्ने काम गर्नुहुँदैन, पहिले सिकेर दक्ष र सक्षम बन्नुपर्दछ ।
- शारीरिक र मानसिकरूपमा अस्वस्थ रहेको बेला काम गर्नु हुँदैन, आराम गरी पहिला स्वस्थ बन्नुपर्दछ ।

पाठक मञ्च

साढे तीन दशकदेखि विदेशी पर्यटकबाट रकम उठाउँदै भक्तपुर नगरपालिका, हिसाबकिताब खोई ?

२०४३ सालमा मरिचमान सिंह श्रेष्ठ प्रधानमन्त्री हुँदा परराष्ट्र तथा भूमिसुधार मन्त्री शैलेन्द्रकुमार उपाध्यायले भक्तपुरको नगरकोटलाई पर्यटकीय क्षेत्र घोषणा गरेपछि यहाँ स्वदेशी तथा विदेशी पर्यटकको आवागमन बढ्यो । २०४९-५० सालदेखि भक्तपुर नगरपालिकाले विश्व सम्पदा सूचीमा सूचीकृत मठमन्दिर अवलोकन गर्न आउने विदेशी पर्यटकसँग शुल्क उठाउन थाल्यो । जसअनुसार भारत र चीनका नागरिकसँग प्रतिव्यक्ति ५०० र अन्य देशका नागरिकबाट दुई हजार रूपैयाँ असुल्ने गरिएको छ ।

यसरी शुल्क उठाउन थालेको साढे तीन दशक भइसकेको छ । दैनिक सयौं पर्यटक आउने भएकाले नगरपालिकाले पर्यटकबाट मात्रै मासिक करोडौं र हालसम्म खर्बौं रकम उठाइसकेको छ । तर, यति ठूलो रकम कहाँ खर्च भयो भन्ने कुनै स्पष्ट हिसाबकिताब छैन । सम्पदा क्षेत्रका मठमन्दिर चर्किएर जीर्ण बनेका छन् भने पाटीपौवा, ढुंगेधारा, कुवा, कुलो र सडकको अवस्था दयनीय छ । मन्दिर आसपास फोहोरको डंगुर र दुर्गन्ध छ । पर्यटकबाट चर्को शुल्क उठाउने तर मर्मत र सरसफाइमा ध्यान नदिने भएपछि उक्त रकम जनप्रतिनिधिहरूले आपसी मिलेमतोमा दुरूपयोग त गरिरहेका छैनन् भन्ने आशंका उब्जिएको छ । राज्यको ढुकुटीमा जानुपर्ने यो रकमबारे अख्तियार दुरूपयोग अनुसन्धान आयोगले तत्काल छानबिन गर्नुपर्छ ।

भक्तपुर नगरपालिकामा लामो समयदेखि नेपाल मजदुर किसान पार्टी (नेमकिपा) का जनप्रतिनिधिहरूको वर्चस्व छ । भोट बैंक सुरक्षित राख्न नगरपालिकाले स्थानीयबाट फोहोर र पानीको शुल्क नलिने तथा घरबहाल कर र व्यवसाय दर्तामा छुट दिने गरेको छ । साथै, मापदण्ड मिचेर बनाइएका घरहरूलाई समेत अवैधरूपमा सम्पन्नता प्रमाणपत्र दिने गरिएको छ । अर्कोतर्फ, नेमकिपाका शीर्ष नेता तथा जनप्रतिनिधिहरूको लगानी यहाँका इँटाभट्टा, विद्यालय, कलेज, अस्पताल, सहकारी र जग्गा प्लटिङमा रहेको स्थानीय बताउँछन् । राजस्व छुट दिएर भोट लिने र शिक्षा तथा स्वास्थ्यका नाममा चर्को शुल्क असुल्ने प्रवृत्ति मौलाएको छ ।

रैथाने नेवार समुदायको बाहुल्य रहेको र नेपाली भाषाको कम बुझाइको फाइदा उठाउँदै नेमकिपाले स्थानीयलाई भ्रममा राखेको छ । बेथितिविरुद्ध आवाज उठाउने वा भोट नदिने नागरिकलाई बत्ती, पानी, फोहोर संकलनजस्ता आधारभूत सेवा तथा नागरिकता र जन्मदर्ताको सिफारिससमेत रोकिदिने त्रासका कारण स्थानीयहरू अन्याय सहेर बस्न बाध्य छन् ।

भक्तपुरमा करिब एक लाख ६८ हजार रोपनी सरकारी, गुठी र सार्वजनिक जग्गा अतिक्रमणमा परेको तथ्यांक छ । भोटका लागि सरकारी सम्पत्ति बाँड्ने र सम्पदा मासेर बनेका संरचनालाई वैधता दिने काम भएको छ । उदाहरणका लागि, वडा नम्बर १ सल्लाघारीमा तीनवटा ढुंगेधारा र राजकुलो मासेर बनाइएको घरलाई समेत सम्पन्नता प्रमाणपत्र दिइएको छ । त्यस्तै, राजा महेन्द्रले किनेको र पछि नेपाल ट्रस्टमा आएको सल्लाघारी तीनकुनेको ११० रोपनी जग्गामध्ये राजनीतिक संरक्षणमै अतिक्रमण भई हाल ६०-६५ रोपनीमात्र बाँकी छ । उक्त जग्गा घेराबन्दी गर्न अर्थ मन्त्रालयले दिएको तीन करोड बजेटसमेत हिनामिना भएको आरोप छ ।

वर्तमान सरकार र सरोकारवाला निकायहरूको ध्यान ठूला दलका शीर्ष नेताहरूमा मात्र केन्द्रित छ, तर भक्तपुरमा भइरहेको यो संस्थागत भ्रष्टाचार ओझेलमा परेको छ । अब सरकार, अख्तियार र सञ्चारमाध्यमहरूले भक्तपुरका यस्ता बेथितिहरूको भण्डाफोर गरी दोषीलाई कारबाहीको दायरामा ल्याउनुपर्छ ।

-रूषा थापा
भक्तपुर

सूर्योदयको पर्खाइमा छठघाटमा जाग्राम व्रतालु

महोत्तरी– छठ पर्वको तेस्रो दिन अस्ताउँदो सूर्यलाई अर्घ्य दिएका व्रतालु अब सूर्योदयको पर्खाइमा छठघाटमै जाग्राम बसेका छन् । कात्तिक शुक्लपक्षको षष्ठी तिथिमा निराहार उपवास रही साँझ अस्ताउँदो सूर्यलाई पहिलो अर्घ्य दिएका व्रतालु आज सोमबार बिहानको सूर्योदयको पर्खाइमा छठघाटमै जाग्राम बसेका हुन् ।

सप्तमी तिथिका दिन बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिएपछि मात्र छठ पर्व पूर्ण हुने मैथिल परम्पराले व्रतालुलाई आजको सूर्योदयको पर्खाइ भएको हो । 'अब सूर्यदेवको भक्तिगान गर्दै रात यहीं कटाउँछौं, सप्तमी तिथिको सूर्योदय भएपछि अर्घ्य दिएर पर्व सम्पन्न गर्छौं,' महोत्तरीको भंगाहा-४ रामनगरको बिर्ता पोखरी छठघाटमा जाग्राम बसेकी व्रताल शान्तिदेवी साह भन्छिन्, 'अब हामी सबैको प्रार्थना सूर्यदेव चाँडै उदाइदिनु भन्ने छ ।'

परिवारसहित छठघाटमा रहेका व्रतालुले आइतबार मौसम सफा रहेर सप्तमी तिथिको बिहानै ठीक समयमा उदाउन सूर्यसँग गीत गाएर प्रार्थना गरेका छन्छन् । जाग्राम बसेका व्रतालु र आफन्तजन रातभरि छठीमैया (षष्ठीदेवी) र सूर्यदेवको महिमा आफ्नो स्थानीय लोकलयमा गाएका छन् । यस्ता गीतमा छठीमैया दयालु र सूर्यदेव संसारको शोक नास गर्ने र अन्धकार भगाउने इष्टदेव रहेका भाव रहन्छन् ।

'मैले व्रत गर्न थालेको १५ वर्ष नाघ्यो, छठ व्रतले मलाई आत्मशान्ति र संयम भएर काममा जुट्न ऊर्जा दिन्छ,' बर्दिबास-१४ हटियास्थित कामेश्वरनाथ महादेव पोखरी छठघाटमा जाग्राम रहेकी आशा महतो भन्छिन्, 'हेर्नोस् न, यहाँ कति रमाइलो छ, सूर्यदेव र छठीमाताको स्मरणले मनका सारा क्लेश हराएका छन्, अब सप्तमी तिथिको सूर्योदयले वर्षभरि ताजा रहने ऊर्जा हामीले पाउने छौं, अब हामीलाई सूर्योदयको पर्खाइ छ ।' मधेसका महोत्तरीसहितका सम्पूर्ण मिथिला क्षेत्र आइतबारको रात जगमग बनेको थियो । 'दुःखसुख कसका घरमा छैन, तर अहिले सबै दुःख बिर्सेर सूर्यदेव र छठीमाताको शरणमा छौं,' बर्दिबास-२ ओमशान्तिचोकमा आफ्नै घरआँगनमा छठघाट बनाएर सबै विधि गर्दै आएकी पवि रेग्मी भन्छिन्, 'चारैतिरको जगमगले रात बितेको पत्तै पाइने छैन ।' पर्वते समुदायकी रेग्मीले छठ व्रत लिन थालेको १५ वर्ष नाघेको बताइन् ।

मिथिला क्षेत्रका सबैजसो छठघाटमा 'सभ्कुा अरख' को रात धार्मिक र पौराणिक कथावस्तुका नाटक, नाच र भजनसहितका सांस्कृतिक कार्यक्रम आयोजना गरिएका छन् । यी कार्यक्रममा प्रस्तुत गरिने गीत पनि व्रतालको भावमै सप्तमीका दिन बिहान चाँडै उदाइ दिन सूर्यदेवको पुकारा गरिएका हुन्छन् । मिथिला क्षेत्रमा छठ जनजन परिचालन हुने पर्व बनेको छ । आफ्नो घरमा छठ नहुने मैथिल पनि यस पर्वमा छिमेकीसँगै सरिक हुन्छन् ।

हिन्दू मैथिलमात्र नभएर अब यहाँ छठ मनाउने पर्वते हिन्दू बाक्लै बढेका छन् । यतातिर हिन्दूमात्र नभएर इस्लाम धर्मावलम्बीहरू पनि छठको भाकल गरेर छिमेकको हिन्दूलाई सौगात सूर्यलाई अर्पण गरिदिन अह्राउने गरेका भेटिन्छन् । सबैको सरिकताले छठ पर्व मिथिलामा सबैको साझा बनेको हुँदा नै यसलाई लोकआस्थाको महापर्व भन्ने गरिएको मैथिल संस्कृतिविद् जलेश्वर-५ पतैलीका ध्रुव रायको धारणा छ । *रासस*

नारायणीमा महोत्सवको झल्को दिनेगरी छठ पर्व मनाइयो

नारायणगढ (**चितवन**)– गत असोजमा आएको बाढीले क्षतिग्रस्त बनाएको नारायणगढस्थित नारायणी नदी किनार आइतबार बेहुलीझैं सिँगारिएको छ । छठ पूजाका लागि झिलिमिली बत्ती, आकर्षक स्वागतद्वार, पूजाका लागि बनाइएका सजावटयुक्त पाल र विभिन्न पूजा मण्डपले नारायणी किनारलाई उत्सवमय बनाएको छ ।

नारायणी नदी किनारमा साँझपख व्रतालु तथा भक्तजनको बाक्लो भीड लागेको थियो । नदी किनारमा बनाइएका पालमा व्रतालुहरू पूजा आराधनामा व्यस्त थिए भने कतिपयले अस्ताउँदो सूर्यलाई अर्घ्य दिएका थिए । नदीको गहिराइतर्फ जान नदिन सुरक्षाकर्मी परिचालन गरिएको छ । नदी किनारको माथिल्लो भागमा बनाइएको मञ्चबाट पूजासम्बन्धी धार्मिक मन्त्रोच्चारण भइरहेको छ । समग्रमा नारायणी किनारको वातावरण उल्लासमय बनेको छ ।

नारायणी किनारमा यस वर्ष छठ पर्व मनाउन तराईवासीसँगै पहाडी समुदायका भक्तजनको पनि उल्लेख्य सहभागिता देखिएको छ । तराई सामुदायिक सेवा समिति नारायणगढको आयोजनामा भएको छठ पूजाका लागि यसपालि आकर्षक स्वागतद्वार, झिलिमिली पाल तथा आकर्षक मूर्ति राखिएका छन् । समितिका अध्यक्ष जयकिशोर पाण्डेयका अनुसार यस वर्ष छठ पूजामा १० हजारभन्दा बढी भक्तजन सहभागी हुने अनुमान गरिएकामा अपेक्षाभन्दा बढी भक्तजन आएका छन् । गत वर्षको तुलनामा यस वर्ष भक्तजनको सङ्ख्या बढेको उनले बताए । पूजा व्यवस्थापनका लागि भरतपुर महानगरपालिका, जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी तथा ट्राफिक प्रहरीसँग समन्वय गरिएको उनले जानकारी दिए । समितिले आफ्नै तर्फबाट पनि सुरक्षागार्ड परिचालन गरेको र अहिलेसम्म शान्तिपूर्ण वातावरणमा पूजा भइरहेको उनको भनाइ छ ।

उनका अनुसार कतिपय व्रतालु आइतबार साँझ अस्ताउँदो सूर्यलाई अर्घ्य दिएर रातभर जाग्राम बसेका छन् भने कतिपय सोमबार (आज) बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिन पुनः नदी किनारमा आउने छन् । सोमबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिएर पूजा सम्पन्न गरेपछि चार दिनसम्म मनाइने छठ पर्व समापन हुने छ ।

पर्वको मुख्य विशेषता जलाशयमा उभिएर अस्ताउँदो र उदाउँदो दुवै सूर्यलाई अर्घ्य दिइ पूजा गर्नु हो । छठ पर्व प्रकृति र पञ्चतत्त्वको पूजासँग जोडिएको अध्यक्ष पाण्डेयले बताए । सूर्य, जल, माटो, वायु र आकाशको महत्त्व दर्शाउने यस पर्वमा नदी तथा जलाशयमा पुगेर पूजा र अर्घ्यदान गर्ने धार्मिक परम्परा रहेको उनको भनाइ छ । नारायणी, त्रिशूली र कालीगण्डकीको संगमस्थल भएकाले नारायणी नदी किनारमा छठ पूजाको विशेष धार्मिक महत्त्व रहेको उनले बताए । यहाँ काठमाडौंलगायत देशका विभिन्न स्थानबाटसमेत भक्तजन आएर पूजा गर्ने गरेको उनले जानकारी दिए ।

प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले नारायणी किनारमा यस वर्ष हर्षोल्लासका साथ छठ पर्व मनाइएको बताए । साँझ छठ पूजास्थल पुगेका उनले पूजामा सहभागी भई भक्तजनलाई उत्साहका साथ पर्व मनाउन शुभकामना दिए । उनले भने, 'आज यहाँ निकै भक्तजन आएको देखें । तराईमा पनि यस किसिमको देखेको थिइन् ।' उनले शान्ति र सद्भाव कायम राख्दै परम्पराअनुसार उत्साहका साथ छठ मनाउन सबैलाई आग्रह गरे । *रासस*

कतारमा रोजगार

कम्पनी : JASSOR FACTORY

पूर्व स्वीकृति मिति : २०८३/०७/२७ | LT. No. 350318 | चलानी नं.६०१६३३२३

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	मासिक तलब QR	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Factory woker packaging for produe	3	0	1300	५३,२०६	कानुन अनुसार	८ घण्टा	६ दिन	कानुन अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति : २०८३ मंसिर ६ गते (22nd Nov. 2026) मा हुनेछ ।

स्वदेशमा बसेर पि मेडिकल सर्भ गराएको भर्जा र बसी भर्ने	रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा बसेर बिमा सर्भ गराएको व्यक्तीले र बसी लाग्ने	रोजगारमा बिमा हुने/नहुने र गराएको व्यक्तीले	हवाई टिकट गराएको दिने र बसी लाग्ने	भिषा शुल्क गराएको दिने र बसी लाग्ने	सामाजिक सुरक्षा कोष गराएको दिने र बसी लाग्ने (यसरसस्का)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिलुक्तिकरण शुल्क बसी लाग्ने र गराएको व्यक्तीले	बिमा स्टाम्पिड शुल्क गराएको व्यक्तीले
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५१/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैले	नि:शुल्क	रु.३००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा बिना प्रापत भई जाने निश्चित भारपर्ाछ मात्र कम्पनीमै गई रकम बुझाउनु होला । ठकाइएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु सायमा राख्नुहोला । आफू कटिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमैनाई नलिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तहरु राम्री पढेर मात्र सम्बतिमा हस्ताक्षर गर्नुहोला, सोधी एककिन आफुसंग राख्नुहोला । ६) काममा विदेश जादा नेपालकै एयरपोर्ट प्रवेश गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तालाचामा सम्पर्क गर्नुहोला ।

Govt. License No: 333/059/060

Jassim Trading & Services Pvt. Ltd.
Near Katyayani Temple, Kathmandu-31, Nepal, Tel.: 01-5923322, 5923323 / 9805678135, 9805678136, Email: jassimtrd@gmail.com, Website: www.jassim.com.np

भुलसुधार: लट नं. ३५०२१९ सूचना मिति २०८३ कात्तिक २८ गते प्रकाशित हुनुपर्नेमा भुलबस छुट्न गएकाले पुनः प्रकाशित गरिएको छ ।

चुण्डमा रोजगार

कम्पनी : PRIME STANDARD INFO TECHNICAL SERVICES L.L.C S.O.C

पूर्व स्वीकृति मिति : २०८३/०७/२५ | LT. No. 350229 | चलानी नं. ६०१६३२६३

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	मासिक तलब AED	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Building Labour	14	0	1200	४९,३७७	कानुन अनुसार	८ घण्टा	६ दिन	कानुन अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति : २०८३ मंसिर ४ गते (20th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा बसेर पि मेडिकल सर्भ गराएको भर्जा र बसी भर्ने	रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा बसेर बिमा सर्भ गराएको व्यक्तीले र बसी लाग्ने	रोजगारमा बिमा हुने/नहुने र गराएको व्यक्तीले	हवाई टिकट गराएको दिने र बसी लाग्ने	भिषा शुल्क गराएको दिने र बसी लाग्ने	सामाजिक सुरक्षा कोष गराएको दिने र बसी लाग्ने (यसरसस्का)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिलुक्तिकरण शुल्क बसी लाग्ने र गराएको व्यक्तीले	बिमा स्टाम्पिड शुल्क गराएको व्यक्तीले
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५१/- कामदारले तिर्ने	रु. १,२००/- कामदार आफैले	नि:शुल्क	रु.३००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा बिना प्रापत भई जाने निश्चित भारपर्ाछ मात्र कम्पनीमै गई रकम बुझाउनु होला । ठकाइएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु सायमा राख्नुहोला । आफू कटिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमैनाई नलिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तहरु राम्री पढेर मात्र सम्बतिमा हस्ताक्षर गर्नुहोला, सोधी एककिन आफुसंग राख्नुहोला । ६) काममा विदेश जादा नेपालकै एयरपोर्ट प्रवेश गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तालाचामा सम्पर्क गर्नुहोला ।

Permission No. 1675/080/081

INTERPID RECRUITMENT SERVICES PVT. LTD
Sinamangal-9, Kathmandu, Tel: + 977-1-4560530/4560531
Contact Person : 9851405196, 9802368141, Mail: info@interpidhr.com, Web: www.interpidhr.com

भुलसुधार: लट नं. ३५०२१९ सूचना मिति २०८३ कात्तिक २७ गते प्रकाशित हुनुपर्नेमा भुलबस छुट्न गएकाले पुनः प्रकाशित गरिएको छ ।

साउदीमा रोजगार

कम्पनी : NOV SAUDI ARABIA CO.LTD

पूर्व स्वीकृति मिति : २०८३/०७/२७ | LT. No. 350332 | चलानी नं. ६०१६३३३०

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	मासिक तलब SR	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Drilling Machine Operator	1	0	5040	२,०२,५९१	कानुन अनुसार	८ घण्टा	६ दिन	कानुन अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति : २०८३ मंसिर ७ गते (23rd Nov. 2026) मा हुनेछ ।

स्वदेशमा बसेर पि मेडिकल सर्भ गराएको भर्जा र बसी भर्ने	रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा बसेर बिमा सर्भ गराएको व्यक्तीले र बसी लाग्ने	रोजगारमा बिमा हुने/नहुने र गराएको व्यक्तीले	हवाई टिकट गराएको दिने र बसी लाग्ने	भिषा शुल्क गराएको दिने र बसी लाग्ने	सामाजिक सुरक्षा कोष गराएको दिने र बसी लाग्ने (यसरसस्का)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिलुक्तिकरण शुल्क बसी लाग्ने र गराएको व्यक्तीले	बिमा स्टाम्पिड शुल्क गराएको व्यक्तीले
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५१/- कामदारले तिर्ने	रु. १,२००/- कामदार आफैले	नि:शुल्क	रु.३००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा बिना प्रापत भई जाने निश्चित भारपर्ाछ मात्र कम्पनीमै गई रकम बुझाउनु होला । ठकाइएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु सायमा राख्नुहोला । आफू कटिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमैनाई नलिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तहरु राम्री पढेर मात्र सम्बतिमा हस्ताक्षर गर्नुहोला, सोधी एककिन आफुसंग राख्नुहोला । ६) कामामा विदेश जादा नेपालकै एयरपोर्ट प्रवेश गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तालाचामा सम्पर्क गर्नुहोला ।

LIC No. 917/067/068

AAKRITI RECRUITING PVT. LTD
Sinamangal-9, Kathmandu, Nepal, Contact: +977-4110811, 4110826
E-mail : kunchha@arplteam.com, kunchhanepal@gmail.com, Web: www.arplteam.com

कतारमा रोजगार

कम्पनी : RAMACO TRADING & CONTRACTING

पूर्व स्वीकृति मिति : २०८३/०२/२८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०७/२९ | LT. No. 343343 | चलानी नं. ६०१५६७४२

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	मासिक तलब QR	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	General Builder/ Block Setter	100	0	1100	४५,६५३	कानुन अनुसार	८ घण्टा	६ दिन	कानुन अनुसार	छ		२ वर्ष
2	Painter Buildings	25	0	1200	४८,७६०							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति : २०८३ मंसिर ७ गते (23rd Nov. 2026) मा हुनेछ ।

स्वदेशमा बसेर पि मेडिकल सर्भ गराएको भर्जा र बसी भर्ने	रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा बसेर बिमा सर्भ गराएको व्यक्तीले र बसी लाग्ने	रोजगारमा बिमा हुने/नहुने र गराएको व्यक्तीले	हवाई टिकट गराएको दिने र बसी लाग्ने	भिषा शुल्क गराएको दिने र बसी लाग्ने	सामाजिक सुरक्षा कोष गराएको दिने र बसी लाग्ने (यसरसस्का)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिलुक्तिकरण शुल्क बसी लाग्ने र गराएको व्यक्तीले	बिमा स्टाम्पिड शुल्क गराएको व्यक्तीले
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५१/- कामदारले तिर्ने	रु. १,२००/- कामदार आफैले	नि:शुल्क	रु.३००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा बिना प्रापत भई जाने निश्चित भारपर्ाछ मात्र कम्पनीमै गई रकम बुझाउनु होला । ठकाइएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु सायमा राख्नुहोला । आफू कटिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमैनाई नलिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तहरु राम्री पढेर मात्र सम्बतिमा हस्ताक्षर गर्नुहोला, सोधी एककिन आफुसंग राख्नुहोला । ६) कामामा विदेश जादा नेपालकै एयरपोर्ट प्रवेश गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तालाचामा सम्पर्क गर्नुहोला ।

Govt.Lic. No- 1428/074/075

AAROHAN HUMAN RESOURCE PRIVATE LIMITED
Sinamangal-09, Kathmandu (Nepal), T: 01-4565606, Prithivi Narayan Ray 9851336976
E:-arohanhumanresource@gmail.com, Web: www.aarohanhumanresource.com

चुण्डमा रोजगार

कम्पनी : LONG HORN GENERAL MAINTENANCE L.L.C

पूर्व स्वीकृति मिति : २०८३/०७/२८ | LT. No. 350382 | चलानी नं. ६०१६३३५६

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	मासिक तलब AED	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	GLASS DOUBLE GLAZING MACHINE OPERATOR	1	0	1500	६१,७२१	कानुन अनुसार	८ घण्टा	६ दिन	कानुन अनुसार	छ		२ वर्ष
2.	SCAFFOLDERS	1	0	1500	६१,७२१							
3.	Building Labour	2	0	1000	४१,९४७							

कम्पनी : ULTIMATE HUMAN RESOURCE SOLUTIONS LLC

पूर्व स्वीकृति मिति : २०८३/०७/२८ | LT. No. 350333 | चलानी नं. ६०१६३३५४

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	मासिक तलब AED	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Steel Fixer (Labour)	25	0	2005	८२,५००	कानुन अनुसार	८ घण्टा	६ दिन	कानुन अनुसार	छ		२ वर्ष
2.	Labour (Civil/Construction	50	0	2005	८२,५००							
3.	Labourer (Building Worker)	25	0	2005	८२,५००							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति : २०८३ मंसिर ७ गते (23rd Nov. 2026) मा हुनेछ ।

स्वदेशमा बसेर पि मेडिकल सर्भ गराएको भर्जा र बसी भर्ने	रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा बसेर बिमा सर्भ गराएको व्यक्तीले र बसी लाग्ने	रोजगारमा बिमा हुने/नहुने र गराएको व्यक्तीले	हवाई टिकट गराएको दिने र बसी लाग्ने	भिषा शुल्क गराएको दिने र बसी लाग्ने	सामाजिक सुरक्षा कोष गराएको दिने र बसी लाग्ने (यसरसस्का)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिलुक्तिकरण शुल्क बसी लाग्ने र गराएको व्यक्तीले	बिमा स्टाम्पिड शुल्क गराएको व्यक्तीले
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५१/- कामदारले तिर्ने	रु. १,२००/- कामदार आफैले	नि:शुल्क	रु.३००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा बिना प्रापत भई जाने निश्चित भारपर्ाछ मात्र कम्पनीमै गई रकम बुझाउनु होला । ठकाइएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु सायमा राख्नुहोला । आफू कटिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमैनाई नलिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तहरु राम्री पढेर मात्र सम्बतिमा हस्ताक्षर गर्नुहोला, सोधी एककिन आफुसंग राख्नुहोला । ६) कामामा विदेश जादा नेपालकै एयरपोर्ट प्रवेश गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तालाचामा सम्पर्क गर्नुहोला ।

DOTI OVERSEAS PVT. LTD.
Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel : 01-5912764, 5912763, Itahari Branch Office no: 025-590547
Mob: 9851062705/9860584683/9841555361, 9862742223, E-mail : doti.overseas1294@gmail.com, website: www.dotioverseas.com.np

Govt. License 1294/074/075

कतारमा रोजगार

कम्पनी : S T TARA MAYA FOR HOSPITALITY SERVICES

पूर्व स्वीकृति मिति : २०८३/०७/२५ | LT. No. 350203 | चलानी नं. ६०१६३३९३

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	मासिक तलब QR	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	ADMIN FOREMAN	1	0	2800	१,१६,१०६	कानुन अनुसार	८ घण्टा	६ दिन	कानुन अनुसार	छ		२ वर्ष
2	GEN CLEANER WORKER	0	2	1300	५३,९०६							
3	ADMIN SUPERVISIOR	1	0	2800	१,१६,१०६							
4	BARISTA/WAITER	0	3	1700	७०,४९३							
5	SALES AND MARKETING	0	2	2800	१,१६,१०६							

कम्पनी : M/S AAFRIN TRADING CLEANING AND SERVICES

पूर्व स्वीकृति मिति : २०८३/०७/२८ | LT. No. 350282 | चलानी नं. ६०१६३३८८

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	मासिक तलब QR	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Stone Mason Assistant	2	0	1200	४८,७५९	कानुन अनुसार	८ घण्टा	६ दिन	कानुन अनुसार	छ		२ वर्ष
2	Site Supervisor	2	0	2500	९,०३,६६६							
3	Stone Mason	2	0	1200	४८,७५९							
4	Foreman (Civil)	2	0	2500	९,०३,६६६							
5	CASHIER	2	0	1400	५८,०५३							
6	laundry assistant (clothes cleaner)	2	2	1200	४८,७५९							
7	car driver (light)	2	0	1600	६६,३८६							

कम्पनी : MOQADDAS TOWA CONTRACTING AND DECORATION

पूर्व स्वीकृति मिति : २०८३/०७/२८ | LT. No. 350284 | चलानी नं. ६०१६३३४९

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	मासिक तलब QR	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Stone Mason	3	0	1200	४८,७५९	कानुन अनुसार	८ घण्टा	६ दिन	कानुन अनुसार	छ		२ वर्ष
2	Foreman (Civil)	1	0	2500	९,०३,६६६							
3	CAR DRIVER LIGHT	3	0	1600	६६,३८६							
4	REPRESENTATIVE	1	0	2200	८९,२२६							
5	CONSTRUCTION SITE SUPERVISOR	1	0	2500	९,०३,६६६							
6	Carpenter	4	0	1200	४८,७५९							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति : २०८३ मंसिर ७ गते (23rd Nov. 2026) मा हुनेछ ।

स्वदेशमा बसेर पि मेडिकल सर्भ गराएको भर्जा र बसी भर्ने	रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा बसेर बिमा सर्भ गराएको व्यक्तीले र बसी लाग्ने	रोजगारमा बिमा हुने/नहुने र गराएको व्यक्तीले	हवाई टिकट गराएको दिने	भिषा शुल्क गराएको दिने	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क:	अभिलुक्तिकरण शुल्क बसी लाग्ने र गराएको व्यक्तीले	बिमा स्टाम्पिड शुल्क गराएको व्यक्तीले
रोजगारदाता कम्पनीले	दिने	रोजगारदाता कम्पनीले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. १,५००/- रोजगारदाता कम्पनीले	नि:शुल्क	रु.३००/- रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १) भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन न हरु सायमा राख्नुहोला । आफू कठिनाईम

प्रभाव दैनिक

सोमबार, ३० कात्तिक २०८३ (Monday, 16 November 2026)

रूपशाला

नारायणगोपाल स्मृति विशेष सम्मान र पुरस्कार घोषणा

नारायणगोपाल संगीत कोषले नृत्यकार भैरवबहादुर थापालाई विशेष सम्मानबाट सम्मानित गर्ने भएको छ । सम्मानको राशि ५५ हजार ५५५ रुपैयाँ रहेको छ । स्वरसम्राट नारायणगोपालको ३६औं स्मृति दिवसका अवसरमा आगामी मंसिर १९ गते गरिने स्रष्टा सम्मान, पुरस्कार वितरण तथा सांगीतिक कार्यक्रममा नृत्यकार थापालाई नृत्य विधातर्फ विशेष सम्मान प्रदान गर्ने निर्णय गरिएको हो । वाङ्मय र कलाका विभिन्न विधालाई समेट्दै नेपाली सांगीतिक क्षेत्रको समग्र योगदानको कदर गर्ने उद्देश्यले यस वर्ष नृत्य विधाका मूर्धन्य कलाकार थापालाई सम्मान गर्न लागिएको कोषका अध्यक्ष दीपक केसीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।



एनपिएल क्रिकेट

पोखरा एभेञ्जर्स र कर्णाली विजयी



■ प्रभाव संवाददाता

काठमाडौं– तेस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) अन्तर्गत लिग चरणको अन्तिम खेलमा पोखरा एभेञ्जर्सले काठमाडौं गोर्खाजविरुद्ध सहज जित निकालेको छ । पोखरा एभेञ्जर्सले आइतबार साँझ काठमाडौं गोर्खाजलाई ५५ रनले पराजित गरेको हो ।

जारी संस्करणमा पोखराको यो दोस्रो जित हो । पोखराले सात खेलमध्ये पाँच खेलमा भने पराजय व्यहोरेको थियो । आइतबारको हारका बाबजुद काठमाडौंले 'प्लेअफ'मा स्थान सुरक्षित गरेको छ । पोखराले दिएको २२५ रनको लक्ष्य पछ्चाउने क्रममा काठमाडौंको पारी १९.५ ओभरमा सबै विकेट गुमाएर १६९ रनमै समेटियो । पोखराका लागि स्मित पटेलले ३४, राशिद खानले ३१, सोनु देवकोटाले २९, विल बोसिस्टोले २६ र जहानदाद खानले २४ रन बनाए ।

बलिडतर्फ पोखराका लागि दिनेश खरेलले चार, विपिन खत्रीले तीन तथा सनी बिक, युवराज साम्रा र रमेश मेण्डिसले समान एक-एक विकेट लिए ।

त्यसअघि कीर्तिपुरस्थित त्रिभुवन अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा टस जितेर ब्याटिङ रोजेको पोखराले निर्धारित २० ओभरमा तीन विकेट गुमाएर २२४ रन बनायो । पोखराका लागि कुशल भुर्तेल र युवराज सिंह साम्रालेे उत्कृष्ट पारी खेले । भुर्तेलले ५१ बलमा आठ चौका र आठ छक्कासहित ९९ रन तथा साम्रालेे ५५ बलमा आठ चौका र पाँच छक्काको मद्दतमा ८९ रनको पारी खेले । यस्तै, कप्तान चमिका करुणारत्नेले अविजित १९ रन बनाए । बलिडतर्फ काठमाडौंका लागि करण केसीले दुई र जहानदाद खानले एक विकेट लिए ।

चितवन राइनोजविरुद्ध कर्णाली चाक्सको जित

आइतबार नै भएको पहिलो खेलमा कर्णाली याक्सले चितवन राइनोजविरुद्ध जित हात पारेको छ । तेस्रो संस्करणको एनपिएलअन्तर्गत आफ्नो अन्तिम खेलमा चितवन राइनोजविरुद्ध २४ रनको जित निकालेको हो । यो जितका बाबजुद कर्णाली प्लेअफमा पुग्न भने वञ्चित भएको छ । उसले यसपटक सात खेलमध्ये चारमा हार तथा तीन खेलमामात्र जित निकाल्यो । कर्णालीविरुद्ध हारको सामना गरे पनि चितवनले प्लेअफमा स्थान बनाएको छ ।

आइतबारको खेलमा कर्णालीले दिएको १५४ रनको लक्ष्य पछ्चाएको चितवन १९.१ ओभरमा १२९ रनमै अलआउट भयो । उसका लागि कामिल मिसराले २५, उसमा मिरले अविजित २८, कुशल मल्लले १८ र देव खनालले १४ रन बनाए । बाँकी ब्याटरले भने दोहोरो अंकमासमेत रन जोड्न सकेनन् । बलिडतर्फ कर्णालीका लागि हुसेन तलातले तीन, पवन सर्राफ र मार्क वाटले समान दुई/दुई तथा सोमपाल कामीले एक विकेट लिए ।

त्यसअघि कीर्तिपुरस्थित त्रिभुवन अन्तरराष्ट्रिय क्रिकेट मैदानमा टस जितेर ब्याटिङ रोजेको कर्णालीले निर्धारित २० ओभरमा आठ विकेट गुमाएर १५३ रन बनाएका थियो । उसका लागि हुसेन तलातले अविजित ५१, आरिफुल इस्लामले ३५,, गुलशनकुमार झाले १८ र पवन सर्राफले १५ रन बनाए ।

बलिडतर्फ चितवनका लागि सलाहुद्दीन खान, उसामा मिर र कमल सिंह ऐरीले समान दुई/दुई तथा कप्तान सिकन्दर रजा र रिजन ढकालले एक/एक विकेट लिए ।

वैभवीलाई थाइल्याण्डमा दुई पदक

काठमाडौं (प्रस)– तेक्वान्दो खेलाडी वैभवी सापकोटाले थाइल्याण्डमा सम्पन्न बैकक खुल्ला अन्तर्राष्ट्रिय तेक्वान्दो प्रतियोगितामा नेपाललाई दुई पदक दिलाएकी छिन् ।

नेपालबाट एकमात्र सहभागी खेलाडी वैभवीले क्योरुगी विधामा रजत र पुम्से विधामा कास्य पदक दिलाएकी हुन् । बैंककस्थित फेसन आइल्याण्डको स्पोर्ट्स हलमा भएको उक्त प्रतियोगितामा ११ वर्षीया वैभवी क्योरुगीमा थाइल्याण्डकी खेलाडीसँगको प्रतिस्पर्धात्मक खेलमा पराजित भइन् ।

त्यस्तै, पुम्से विधामा ३५ सहभागी खेलाडीमाझ भएको प्रतिस्पर्धामा वैभवीले कास्य पदक प्राप्त गरेकी हुन् । वैभवीले यसअघि थाइल्याण्डमै सम्पन्न १४औं रोयल प्रिन्सेस कप अन्तरराष्ट्रिय तेक्वान्दो प्रतियोगितामा दुई रजत पदक प्राप्त गरेकी थिइन् । शनिबार र आइतबार चलेको उक्त प्रतियोगितामा नेपालसहित थाइल्याण्ड, भारत, इण्डोनेसिया, अमेरिका, हङकङ, म्यान्मा, बेल्जियम, सिंगापुर र भियतनामका करिब तीन हजार खेलाडीको सहभागिता रहेको थियो ।

Fewa HR Solutions Pvt. Ltd.
KMC-32, Tinkune, Kathmandu, Office: +977-1-4117992, 4117997
E-mail: fewahrsolutions@gmail.com, website: www.fewahrsolutions.com
श्रम इजाजत नं. ७८३/०७८/०७९

युएइमा रोजगार कम्पनी : DUBAI PRECAST L.L.C. सेवा शुल्क: १०,०००/-
पूर्व स्वीकृति मिति : २०८३/०७/२० LT. No. 350116 चलानी नं. ६०१६३२११

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्ताना काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Factory Worker	51	0	1000	८१,९४७	का.नि. अनुसार	८ घण्टा	६ दिन	का.नि. अनुसार	छैन	छ	२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ मंसिर ७ गते (23rd Nov. 2026) मा हुनेछ ।

रुवदेशमा अरिने पि.मेडिकल सर्व गराउने भर्ने र कति भर्ने	रोजगार कम्पनिले मेडिकल सर्व दिने / भर्दिने	रुवदेशमा अरिने बिमा सर्व गराउने व्यहोर्ने र कति तिर्ने	रोजगारका बिमा हुने/नहुने र गराउने व्यहोर्ने	हवाई टिकट गराउने दिने र कति तिर्ने	भिसा शुल्क गराउने दिने र कति तिर्ने	सामाजिक सुरक्षा कोष गराउने दिने र कति तिर्ने (सरसफाएमा)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिसुचिकरण शुल्क फिर्ता तिर्ने र गराउने व्यहोर्ने	बिमा स्टाम्पिङ शुल्क गराउने व्यहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने: रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५९ / - कामदारले तिर्ने	रु १,२०० /- कामदार आफैले	निःशुल्क	रु ३०० /- कामदार आफैले	कामदार आफै

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भाग्यलिई मात्र कम्पनीमै गई रकम बुझाउनु होला । कुवाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली दूतावासिक निरोधको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कहिलेदेखि पर्दा सम्पर्क गर्न सकिने हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमीलाई नतिर्नुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने तलब, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्बतिमा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफ्नुमा राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहाचनमा सम्पर्क गर्नुहोला ।

HR NEPAL SERVICES PVT. LTD.
Chabahil 07, Kathmandu, Nepal., Tel: +977-01- 5910894
Mob: 9802343008, 9700699159 - Srijana Chidi Magar, Email: hrnepalservices@gmail.com
श्रम ईजाजत नं. १५४८/०७८/०७९

साउदीमा रोजगार कम्पनी : AYED BIN MOHAMMED BIN MUBARAK AL HAJRI TRANSPORT ESTABLISHMENT.
पूर्व स्वीकृति मिति : २०८३/०७/२० LT. No. 350072 चलानी नं. ६०१६३३५८

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब SR	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्ताना काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	LABOR (LOADING/UNLOADING WORKER)	2	0	1200	४८,२३५	रु.नि. अनुसार	८ घण्टा	६ दिन	रु.नि. अनुसार	छ	छ	२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ मंसिर ७ गते (23rd Nov. 2026) मा हुनेछ ।

